बागमती प्रदेश सरकार

## श्रम, रोजगार तथा यातायात मन्त्रालय

# प्रदेश श्रम तथा रोजगार नीति

२०८०

बागमती प्रदेश

बागमती प्रदेश सरकार

# श्रम, रोजगार तथा यातायात मन्त्रालय

# प्रदेश श्रम तथा रोजगार नीति

२०८०

बागमती प्रदेश

# विषयसूची


| | |
|---|---|
| १. पृष्ठभूमि | १ |
| २. श्रम तथा रोजगारको विद्यमान अवस्था | २ |
| ३. समस्या तथा चुनौती | ६ |
| ४. नीतिको आवश्यकता र औचित्य | ७ |
| ५. नीतिको सोच, लक्ष्य र उद्देश्य | ८ |
| ६. रणनीति र कार्यनीति | ९ |
| ७. कानूनी तथा संरचनागत व्यवस्था | २९ |
| ८. स्रोत साधनको व्यवस्था | ३० |
| ९. अनुगमन तथा मूल्याङ्कन | ३० |
| १०. जोखिम तथा जोखिम न्यूनीकरण | ३१ |
| ११. तहगत सरकारको जिम्मेवारी | ३३ |
| १२. नीति परिमार्जन तथा सुधार | ३४ |
| अनुसूची १ | ३५ |
| अनुसूची २ | ३६ |

# श्रम तथा रोजगार नीति

## १. पृष्ठभूमि

"श्रम" मर्यादित मानव जीवनयापन र उत्पादनका साधन परिचालन गर्ने जीवन्त आधार हो । मुलुकको समृद्धिको निर्दिष्ट लक्ष्य हासिल गर्नका लागि श्रम तथा रोजगारीको महत्त्वपूर्ण भूमिका हुन्छ । श्रम तथा रोजगारीको महत्त्वलाई आत्मसात् गर्दै नेपालको संविधानले रोजगारीलाई मौलिक हकका रूपमा प्रत्याभूत गरेको छ ।

संविधानले प्रत्याभूत गरेको मौलिक हकको कार्यान्वयन गर्न, दिगो विकास लक्ष्य हासिल गर्न, उच्च आयस्तर भएको मुलुकमा स्तरोन्नति हुन र आर्थिक तथा सामाजिक दृष्टिबाट समृद्ध बागमती प्रदेश निर्माण गर्नका लागि श्रम र रोजगारीको क्षेत्रमा गुणात्मक सुधारको आवश्यकता छ । दिगो र फराकिलो आर्थिक विकासमा श्रम तथा रोजगार क्षेत्रको अग्रणी भूमिका रहन्छ । सामाजिक न्याय तथा परिस्कृत जीवनसहितको समाजवाद उन्मुख लोककल्याणकारी राज्यको आधार निर्माणका लागि सबैलाई मर्यादित तथा उत्पादनमूलक रोजगारी प्रत्याभूत गर्न सक्नुपर्दछ । नागरिकको जीवनस्तरमा गुणात्मक सुधारले मात्र राज्यको पुनःसंरचना तथा लोकतान्त्रिक गणतन्त्रको संस्थागत विकासमा योगदान पुर्याउनेछ । रोजगारी जीविकोपार्जनको आधार मात्र नभई सामाजिक प्रतिष्ठा र आत्मसम्मानको विषय पनि हो । गरिबी निवारण र रोजगारीबीच प्रत्यक्ष सम्बन्ध रहने हुँदा प्रतिस्पर्धी मानव संसाधनको विकास एवं आर्थिक क्रियाकलापको अभिवृद्धितर्फ ध्यान केन्द्रित गरिनुपर्दछ । रोजगारी, स्वरोजगारी, उद्यमशीलता र असल श्रम सम्बन्धले प्रदेशमा उत्पादनमूलक उद्योग, व्यापार व्यवसाय र सेवा क्षेत्रको विस्तार तथा आधुनिकीकरणमा उल्लेख्य योगदान पुग्ने र यसको गुणक प्रभावले पुनः आर्थिक क्रियाकलाप विस्तार हुन गई समग्र आर्थिक परिसूचकमा सकारात्मक नतिजा हासिल गर्न मद्दत पुग्नेछ ।

रोजगारी सिर्जना अन्तरसम्बन्धित विषय भएकाले सबै सरोकारवाला पक्षको संलग्नता, सक्रियता र समन्वयमा मात्र समस्त अर्थतन्त्रलाई गति दिन सकिन्छ । नेपालको संविधानको धारा ३३ मा रोजगारी र धारा ३४ मा श्रमलाई मौलिक हकका रूपमा राखिएको छ भने धारा ५१ (झ) ले राज्यका निर्देशक सिद्धान्त तथा नीतिमार्फत श्रम र रोजगारीका क्षेत्रमा गर्नुपर्ने सुधारबारे प्रष्ट दिशानिर्देश गरेको छ[१] ।"समृद्ध नेपाल, सुखी नेपाली"[२] को दीर्घकालीन

१ नेपालको संविधान
२ पन्ध्रौं योजना

राष्ट्रिय सोच हासिल गर्ने आधार निर्माण गर्नका लागि श्रम क्षेत्रमा सुधार र गुणस्तरीय रोजगारीका अवसरमा वृद्धि गर्नु आवश्यक छ। दिगो विकास लक्ष्यले सबैका लागि गुणस्तरीय रोजगारीको परिकल्पना गरेको छ भने नेपाल सरकारले दिगो विकास लक्ष्यलाई समग्र विकास प्रक्रियामा आन्तरिकीकरण गरी काम गर्दै आएको छ। संविधानले राज्यको पुनःसंरचना गरी प्रदेश सरकारलाई सुम्पेका जिम्मेवारी पूरा गर्न प्रदेश सरकारले पहिलो आवधिक योजनाको दीर्घकालीन सोच "सुसंस्कृत र सुखी जनताः समाजवाद उन्मुख समृद्ध प्रदेश"[३] पूरा गर्नका लागि श्रम र रोजगारीको क्षेत्रको व्यवस्थापन अत्यावश्यक छ। बागमती प्रदेशले देशको कुल जनसंख्याको २०.९७ प्रतिशत[४] अंश ओगटे तापनि संघीय राजधानी तथा देशका ठूला सहरहरूसमेत यसै प्रदेशमा पर्ने हुँदा स्वदेश तथा विदेशबाट समेत रोजगारी तथा आर्थिक अवसरको खोजीमा यस प्रदेशमा आउने बेरोजगार युवा तथा उद्यमीको संख्या उच्च रहेको छ। पर्याप्त अवसरको अभावमा यस प्रदेशबाट वैदेशिक रोजगारमा जानेको सङ्ख्या ठूलो छ। वैदेशिक रोजगारको वर्तमान अवस्थालाई व्यवस्थित गर्दै यसको बाध्यात्मक चक्रलाई अन्त्य गर्नका लागि श्रम क्षेत्रमा सुधार गरी काम गर्ने उमेरका सबैलाई रोजगारको सुनिश्चितता गरिनुपर्दछ। सामाजिक न्यायसहितको समृद्ध बागमती प्रदेशको परिकल्पना साकार पार्न आवश्यक उच्च आर्थिक वृद्धि र सन्तुलित तथा दिगो विकास लक्ष्य हासिल गर्न प्रदेशका समग्र क्षेत्रगत नीतिहरूको छाता नीतिका रूपमा श्रम तथा रोजगार नीतिको अपरिहार्यता देखिएको छ।

## २. श्रम तथा रोजगारको विद्यमान अवस्था

बेरोजगारी नेपालको एक प्रमुख समस्या हो। प्रत्येक वर्ष ५ लाखभन्दा बढी मानिसहरू श्रम बजारमा थपिन्छन्[५] तर रोजगारी सिर्जना अत्यन्त न्यून हुँदा गुणस्तरीय रोजगारीका अवसरको अभावमा लाखौं युवाहरूको जीवन कष्टकर बन्दै गएको छ। नेपालमा करिब ५७ प्रतिशत जनसंख्या आर्थिक रूपले सक्रिय छन्। काम गर्ने उमेर समूहका व्यक्तिमध्ये जम्मा ३४.२ प्रतिशत मात्र रोजगारीमा संलग्न छन्। श्रम सहभागिता दर ३८.५ प्रतिशत रहेको छ। काम गर्ने उमेर समूहका ६१.५ प्रतिशत जनसङ्ख्या रोजगारीको क्षेत्रभन्दा बाहिर रहेका छन् भने काम गर्न इच्छुकमध्ये ११.४ प्रतिशतले रोजगारी पाएका छैनन्। सहरी क्षेत्रमा ११.६ र ग्रामीण क्षेत्रमा १०.९ प्रतिशत बेरोजगार रहेका छन्। लैङ्गिक दृष्टिबाट महिला १३.१ प्रतिशत र पुरुष १०.३ प्रतिशत बेरोजगार छन्। नेपालमा ३९.३ प्रतिशत श्रमको अल्प उपयोग भएको

---

३ पहिलो आवधिक योजना, बागमती प्रदेश

४ राष्ट्रिय जनगणना, २०७८ संक्षिप्त नतिजा, राष्ट्रिय तथ्याङ्क कार्यालय

५ पन्ध्रौं योजना, पृष्ठ ३३३ (२०७६/७७-२०८०/८१) राष्ट्रिय योजना आयोग

छ । रोजगारीलाई औपचारिक र अनौपचारिक रूपमा विभाजन गरी हेर्दा यसको प्रतिशत क्रमशः १५.४ र ८४.६ प्रतिशत रहेको छ[६] ।

नेपालको श्रम उत्पादकत्व आर्थिक वर्ष २०७५/७६ मा वार्षिक १ लाख ८४ हजार ६ सय रहेको छ[७] ।तथ्याङ्कले नेपालको श्रम उत्पादकत्वमा उतारचढाव आएको देखिन्छ । सन् २०१० मा श्रमको उत्पादकत्व वृद्धि ३.४९ रहेकामा २०१४ मा सबैभन्दा वृद्धि भई ५.५३ प्रतिशत पुगेको देखिन्छ भने सन् २०१६ सम्म आइपुग्दा १.९७ प्रतिशतले नकारात्मक ह्रास आएको देखिन्छ । त्यस्तै सन् २०१७ मा पुनः श्रमको उत्पादकत्व ५.०४ प्रतिशतले वृद्धि भएकोमा सन् २०१८ र २०१९ मा पुनः घटेको छ । सन् २०२०/२१ मा कोरोनाका कारण अर्थतन्त्र नै चलायमान हुन नसक्दा श्रमको उत्पादकत्व न्यून हुने अवस्था छ[८] । यसरी लगातार श्रम उत्पादकत्वमा उतारचढाव र अपेक्षित रूपमा वृद्धि हुन नसक्दा उत्पादनको लागत बढी लाग्ने र ज्यालाको दरमा समेत असर पर्ने हुन्छ ।

नेपालको दीर्घकालीन सोचमा वि.सं. २१०० सम्ममा बेरोजगारी ३ प्रतिशतमा झार्ने, श्रम सहभागिता दर आधार वर्षको ३८.५ प्रतिशतबाट ७२ प्रतिशत पुर्याउने र रोजगारीमा औपचारिक क्षेत्रको हिस्सा आधार वर्षको ३६.५ प्रतिशतबाट ७० प्रतिशत पुर्याउने लक्ष्य निर्धारण गरिएको छ । त्यसैगरी पन्ध्रौं योजनाले उत्पादनशील र मर्यादित रोजगारीको सुनिश्चिततामा जोड दिंदै श्रम सहभागिता दर योजनाको अन्त्यसम्ममा ४९ प्रतिशत पुर्याउने, बेरोजगारी दरलाई ६ प्रतिशतमा झार्ने, रोजगारीमा औपचारिक क्षेत्रको हिस्सा ५० प्रतिशत पुर्याउने र श्रमको उत्पादकत्व वार्षिक रु. १ लाख ८४ हजारबाट २ लाख ७६ हजार बनाउने लक्ष्य निर्धारण गरेको छ । आन्तरिक श्रम बजारको प्रशोचन क्षमता कमजोर हुँदा ठूलो सङ्ख्यामा युवा शक्ति कामको खोजीमा विदेशिनुपरेको छ । लाखौं युवाहरू विश्वका विभिन्न मुलुकमा कार्यरत रहेकाले केही वर्षदेखि विश्वका उच्च विप्रेषण भित्र्याउने मुलुकको सूचीमा नेपाल रहँदै आएको छ । नेपाली कामदारहरू मूलतः खाडीका मुलुकहरू र मलेसियामा केन्द्रित छन् भने कामको प्रकृति पनि तुलनात्मक रूपमा बढी जोखिम एवं कम लाभप्रद रहेको छ । दुई तिहाइभन्दा बढी युवा कुनै निश्चित सीप र दक्षताबिना नै वैदेशिक रोजगारमा जाने गरेका छन् । प्राप्त विप्रेषणको उत्पादनमूलक क्षेत्रमा परिचालन करिब १ प्रतिशत रहेको छ । वैदेशिक रोजगारका क्रममा कामदारमाथिको ठगी उच्च देखिन्छ भने गन्तव्य मुलुकमा पनि नेपाली श्रमिकले विभिन्न कठिनाइको सामना गर्नुपरेको छ । एकातिर वैदेशिक रोजगारले सिर्जना गरेको सामाजिक लागत निकै उच्च छ भने अर्कोतर्फ युवा जनशक्ति बाहिरिँदा देश विकासमा समेत नकारात्मक प्रभाव पर्न गएको छ ।

---

६ श्रम शक्ति सर्वेक्षण ३२८ (तेस्रो)

७ पन्ध्रौं योजना पृष्ठ ३२८ राष्ट्रिय योजना आयोग

८ कारोबार दैनिक २०७८।३।६ र ७ गते

वैदेशिक रोजगारीको व्यवस्थापनमा नेपालले निकै चुनौतीको सामना गरिरहनुपरेको छ । त्यसैले वैदेशिक रोजगारको क्षेत्रलाई व्यवस्थापन गर्दै आन्तरिक रोजगारीको वृद्धिबाट बाध्यात्मक वैदेशिक रोजगारीको अन्त्यका लागि थप प्रयत्न गर्नुपर्ने तथ्यमा राष्ट्रिय प्रतिबद्धता व्यक्त भएको छ । उदार श्रम नीति, बजारको मागअनुसारको दक्ष जनशक्तिको न्यूनता र कमजोर श्रम प्रशासनका कारण विदेशी श्रमिकले स्वदेशी श्रमिकलाई विस्थापन गर्ने क्रम पनि बढ्दै गएको छ । बजारको आवश्यकताबमोजिमको श्रमशक्ति तयार पार्ने र अन्तर्राष्ट्रिय श्रम बजारसँग प्रतिस्पर्धा गर्न सक्ने जनशक्ति उत्पादन गर्नेतर्फ तीव्रताका साथ काम गर्नुपर्ने आवश्यकता छ । बाध्यकारी श्रम सहभागिता दर १.२ प्रतिहजार रहनुले यस क्षेत्रको सुधारमा पनि ध्यान दिनुपर्ने देखिन्छ । जनसंख्याको ४०.३५ प्रतिशत युवाहरू (१५–४० वर्ष) लाई व्यावसायिक, प्राविधिक र सीपमूलक तालिमका माध्यमबाट दक्ष जनशक्तिमा परिणत गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय श्रम बजारमा प्रतिस्पर्धा गर्न सक्ने तुल्याउन आवश्यक छ । अहिले बजारमा प्रवेश गर्ने नयाँ श्रमशक्तिमध्ये वार्षिक १ लाख ५० हजारलाई मात्र छोटो तथा लामो अवधिको प्राविधिक एवं व्यावसायिक सीपको अवसर उपलब्ध छ । ज्ञान तथा सीप र बजारमा उपलब्ध कामको बीचमा तालमेल नमिल्नाले ठूलो संख्यामा दक्ष व्यक्तिले समेत रोजगारीको अवसर नपाएको अवस्था विद्यमान छ[९] । नेपालले दिगो विकास लक्ष्यलाई मुलुकको आर्थिक, सामाजिक र पर्यावरणीय परिवेशअनुसार कार्यान्वयनमा ल्याउँदै चौधौं योजनादेखि नै आन्तरिकीकरण गरेको छ जसमा सम्मानजनक रोजगारीको लक्ष्य निर्धारण गरिएको छ[१०] ।

नेपाल सरकारले श्रम तथा रोजगार क्षेत्रलाई व्यवस्थित गर्दै मर्यादित गर्न वैदेशिक रोजगार नीति, २०६८, राष्ट्रिय रोजगार नीति, २०७१, योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४, श्रम ऐन, २०७४ आदि जारी गरेको छ । नेपालले मर्यादित र सुरक्षित रोजगारी तथा उत्पादनशील श्रमका लागि अन्तर्राष्ट्रिय श्रम सङ्गठनको विभिन्न अभिसन्धिहरूको अनुमोदन र आत्मसात् गरेको छ ।

संविधानद्वारा प्रत्याभूत मौलिक हकको कार्यान्वयन गर्नका लागि रोजगारीको हकसम्बन्धी ऐन, २०७५ कार्यान्वयनमा ल्याई प्रत्येक स्थानीय तहमा रोजगार सेवा केन्द्रको स्थापना गरी बेरोजगारको पहिचान र सूचीकरण गर्ने कार्य हुँदै आएको छ । सूचीकृत बेरोजगारलाई न्यूनतम १०० दिनको रोजगारी प्रत्याभूति गर्न प्रधानमन्त्री रोजगार कार्यत्रम सञ्चालनमा छ । रोजगार सेवा केन्द्रको स्थापनाले श्रमको माग र आपूर्तिको औपचारिक संयन्त्र विकास भएको छ । सबै स्थानीय तहमा रोजगार व्यवस्थापन सूचना प्रणाली प्रयोगमा

९ पन्ध्रौं योजना, पृष्ठ ३३३ (२०७६/७७-२०८०/८१) राष्ट्रिय योजना आयोग
१० दिगो विकास लक्ष्य (२०१६—२०३०)

आउँदा रोजगारीसम्बन्धी एकीकृत तथ्यांक व्यवस्थित र अद्यावधिक हुन मद्दत पुगेको छ । नेपाल सरकारले श्रमिकको सुरक्षाका लागि राष्ट्रिय व्यवसायजन्य स्वास्थ्य र सुरक्षा नीति, २०७६ कार्यान्वयनमा ल्याएको छ र श्रम प्रतिष्ठानको निरीक्षण कार्यलाई समेत नियमितता दिएको छ[११] ।

बागमती प्रदेश नेपालको सामाजिक, आर्थिक विकासको सूचकहरूका आधारमा हेर्दा सबैभन्दा माथिल्लो तहमा छ । नेपालको राजधानी यसै प्रदेशमा रहनु, देशको कुल गार्हस्थ्य उत्पादनमा एक तिहाइ योगदान गर्नु, देशका एक तिहाइ उद्योग प्रतिष्ठान रहनु आदिले मुलुकको अर्थतन्त्रमा यस प्रदेशको भूमिका झल्कन्छ[१२] । मुलुकमा विद्यमान ९,२३,३५६ प्रतिष्ठानमध्ये २,८२,९२० प्रतिष्ठान यस प्रदेशमा छन् जहाँ १२,१८,४९७ जनाले रोजगारी पाएका छन्[१३]। मुलुकको समग्र विकासमा यस प्रदेशको महत्त्वपूर्ण भूमिका रहने तथ्यलाई आत्मसात् गर्दै प्रदेश सरकारले दीर्घकालीन सोचसहितको पहिलो आवधिक योजना कार्यान्वयनमा ल्याएको छ । यस आवधिक योजनाले १०.६ प्रतिशतको उच्च आर्थिक वृद्धिदर हासिल गरी १५.३ प्रतिशत रहेको निरपेक्ष गरिबी ८ प्रतिशतमा झार्ने प्रतिबद्धता व्यक्त गरेको छ[१४] । यस योजनाले औसतमा वार्षिक १ लाख ६५ हजार रोजगारी सिर्जना गर्ने लक्ष्य लिएको छ ।

पहिलो आवधिक योजनाले बेरोजगारी दर ४ प्रतिशतमा झार्ने, श्रम सहभागिता दर वृद्धि गरी ५८ प्रतिशत र रोजगारीमा औपचारिक क्षेत्रको हिस्सा ६० प्रतिशत पुर्याउने लक्ष्य लिएको छ । श्रम उत्पादकत्व वार्षिक रु. ३ लाख २९ हजार पुर्याउन यस क्षेत्रमा आमूल परिवर्तन गर्ने लक्ष्य राखेको छ[१५] । वि.सं. २०८७ सम्ममा अर्धबेरोजगारी २१.१ प्रतिशतबाट ८.७ प्रतिशतमा, युवा न्यून रोजगारी दर २५.५ प्रतिशतबाट ७.७९ प्रतिशतमा र रोजगारीमा नरहेका युवाको अनुपात ५६.५ प्रतिशतबाट ३१.५६ मा झार्ने लक्ष्य निर्धारण गरिएको छ[१६] ।

यस प्रदेशबाट वैदेशिक रोजगारमा जानेको संख्या उल्लेख्य रहेको छ । आर्थिक वर्ष २०६५ ।०६६ देखि एक दशकमा वैदेशिक रोजगारमा गएका श्रमिकमध्ये १६ प्रतिशत यस प्रदेशबाट गएको देखिन्छ[१७] । यस प्रदेशबाट विदेश जाने श्रमिकमध्ये सबैभन्दा बढी क्रमशः कतार, संयुक्त अरब इमिरेट्स, साउदी अरेबिया, कुवेत र मलेसिया रहेको छ । वैदेशिक रोजगारमा धेरै महिला श्रमिक जाने १० जिल्लामध्ये ६ जिल्ला (मकवानपुर, चितवन,

११ आर्थिक सर्वेक्षण २०७६/७७

१२ दिगो विकासका लक्ष्यहरूः बागमती प्रदेशको अवस्था तथा मार्गचित्र

१३ राष्ट्रिय आर्थिक गणना २०७५

१४ पहिलो आवधिक योजना (२०७६/७७-२०८०/८१) बागमती प्रदेश

१५ पहिलो आवधिक योजना (२०७६/७७-२०८०/८१) बागमती प्रदेश

१६ दिगो विकासका लक्ष्यहरूः बागमती प्रदेशको अवस्था तथा मार्गचित्र

१७ नेपाल श्रम आप्रवासन प्रतिवेदन २०७६

सिन्धुपाल्चोक, काठमाडौं, काभ्रे र नुवाकोट) यसै प्रदेशमा पर्दछन् । उच्च विप्रेषण भित्र्याउने प्रदेश भएकाले यसले प्राप्त गरेका लाभ पनि उल्लेख्य छन्[१८] । पहिलो आवधिक योजनाले विप्रेषणबापत प्राप्त हुने रकमको कम्तीमा १० प्रतिशत उत्पादनमूलक क्षेत्रमा परिचालन गर्ने र वैदेशिक रोजगारको व्यवस्थापनमा ध्यान दिने लक्ष्य लिएको छ ।

## ३. समस्या तथा चुनौती

### (क) समस्या

दीर्घकालीन जनशक्ति विकास योजना नहुनु, तुलनात्मक लाभ तथा प्रतिस्पर्धात्मक क्षमताका क्षेत्रहरूको पहिचान हुन नसक्नु, आधुनिक सूचना प्रणालीसहितको श्रम बजारको समुचित विकास हुन नसक्नु, उत्पादनमूलक उद्योगप्रतिको आकर्षण घट्दै जानु, लगानीमैत्री वातावरण बन्न नसक्नु, उद्यमशीलताको विकास गर्न नसक्नु, प्रतिस्पर्धात्मक क्षमता कमजोर हुँदा उत्पादनले बजार पाउन कठिन हुनु, श्रमिक र उद्यमीबीचको श्रम सम्बन्ध सुमधुर बन्न नसक्नु, श्रम प्रशासनलाई चुस्त बनाउन नसक्नु, उत्तरदायी सेवा प्रवाह प्रणाली अवलम्बन नहुनु, औद्योगिक पूर्वाधारको कमी, लगानीका लागि वित्तीय स्रोत साधनको न्यूनता, सीप तथा क्षमता विकास तालिम पर्याप्त र गुणस्तरीय हुन नसक्नु, श्रम प्रशासनको सांगठनिक क्षमता कमजोर हुनु, रोजगारी सिर्जनामा अन्तरनिकाय समन्वय कमजोर हुनु, श्रम तथा रोजगार नीतिको प्रभावकारी कार्यान्वयन नहुनु आदि श्रम तथा रोजगारी क्षेत्रमा रहेका मुख्य समस्या हुन् ।

### (ख) चुनौती

संविधानमा प्रत्याभूत गरिएको रोजगारीको हक कार्यान्वयन गर्नु, श्रमको सम्मान गर्ने संस्कारको विकास गर्नु, बजारको मागअनुसारको सीप तथा दक्षता भएको जनशक्ति उत्पादन गर्नु, शैक्षिक संस्थाहरूले बजारको आवश्यकताअनुसारको दक्ष तथा सीपयुक्त जनशक्ति तयार पार्नु, लघु तथा साना उद्योगको प्रवर्द्धन गर्नु, युवाहरूमा उद्यमशीलताको विकास गर्नु, उत्पादनमूलक उद्योगको विकासमा अनुकूल वातावरण सिर्जना गर्नु, निजी क्षेत्रलाई लगानीका लागि आकर्षित गर्नु, प्रत्यक्ष वैदेशिक लगानी आकर्षित गर्नु, कृषिको आधुनिकीकरण तथा व्यवसायीकरण गर्नु, वैदेशिक रोजगारीलाई सुरक्षित, प्रतिफलयुक्त र सम्मानजनक बनाउनु, वैदेशिक रोजगारबाट प्राप्त प्रतिफललाई उत्पादनमूलक क्षेत्रमा आबद्ध गर्नु, यसको सामाजिक लागत न्यून गर्नु, वित्तीय स्रोत साधनको उपलब्धतालाई सरल, सुलभ र पहुँचयोग्य बनाउनु, परम्परागत सीप एवं प्रविधिको स्तरोन्नति गर्नु, नवप्रवर्तन कोष जस्ता युवा लक्षित सिर्जनशील कार्यक्रमहरूको प्रभावकारिता वृद्धि गर्नु, श्रम तथा रोजगारीसम्बन्धी एकीकृत सूचना प्रणाली

१८ नेपाल श्रम आप्रवासन प्रतिवेदन २०७६

विकास गर्नु, असल श्रम सम्बन्धको विकास गर्नु, उद्यममैत्री पूर्वाधारको विकास गर्नु, रोजगारी सिर्जनामा अन्तरनिकाय समन्वय सुदृढ बनाउनु, अन्य प्रदेशबाट रोजगारीको खोजीमा यस प्रदेशमा आउने श्रमिकको भार व्यवस्थापन गर्नु, विदेशी श्रमिकको नियमन तथा उपयोग योजना कार्यान्वयन गर्नु आदि यस क्षेत्रका मुख्य चुनौती रहेका छन्।

## ४. नीतिको आवश्यकता र औचित्य

प्रदेशले उच्च आर्थिक वृद्धिदर हासिल गरी गरिबी निवारण गर्दै मुलुककै समृद्धिको नमुनाका रूपमा आफूलाई विकास गर्नका लागि श्रम तथा रोजगार क्षेत्रको व्यवस्थापनमा उचित ध्यान दिनु आवश्यक छ। प्रदेशका लागि आवश्यक जनशक्तिको प्रक्षेपण गर्ने, बजारको आवश्यकताबमोजिम जनशक्ति उत्पादन तथा उपयोगको प्रष्ट मार्गदर्शन तयार पार्ने यो उपयुक्त समय हो। प्रदेश सरकारको श्रम तथा रोजगारसम्बन्धी नीतिगत स्पष्टताले स्थानीय तहले सम्पादन गर्ने काममा गुणात्मक सहयोग पुग्नेछ भने स्थानीय तहको सफलताले प्रदेशले लक्ष्य हासिल गर्न सहज हुनेछ। श्रम तथा रोजगारीको वैज्ञानिक व्यवस्थापनबाट मात्र समृद्धि हासिल हुने तथ्यलाई आत्मसात्त गर्दै श्रमसम्बन्धी तथ्यांक तथा जानकारीको अद्यावधिक एकीकृत विवरण तयार पार्न, दक्ष तथा सीपयुक्त जनशक्तिको विकास गर्न, श्रम प्रशासनमा सुधार गर्न, श्रम बजारको प्रवर्द्धन गर्न, विदेशबाट आउने श्रमिकको उचित व्यवस्थापन गर्न, श्रमको उत्पादकत्व वृद्धि गर्न, उत्पादनमूलक र सम्मानजनक रोजगारी प्रवर्द्धन गर्न, श्रम सहभागिता वृद्धि गर्न, उद्यम व्यवसायमा लाग्न निजी क्षेत्रलाई प्रेरित गर्न, युवालाई रोजगार तथा स्वरोजगारमूलक क्षेत्रमा ल्याउने अनुकूलता सिर्जना गर्न, वैदेशिक रोजगारीलाई व्यवस्थित गर्न, वैदेशिक रोजगारबाट प्राप्त प्रतिफलको उपयोग गर्न र श्रम तथा रोजगारको क्षेत्रमा आमूल सुधार गरी गरिबी तथा बेरोजगारीका समस्या हल गर्दै मुलुकलाई अतिकम विकसित राष्ट्रबाट विकासशील राष्ट्रमा स्तरोन्नति गर्न, २०८७ सम्ममा दिगो विकास लक्ष्य हासिल गर्न र २१०० सम्ममा नेपाललाई उच्च आय भएको मुलुकमा रूपान्तरण गर्न विद्यमान संवैधानिक, नीतिगत तथा कानुनी व्यवस्था अनुरूप प्रादेशिक श्रम तथा रोजगार नीति तर्जुमा गरी कार्यान्वयन गर्न आवश्यक भएको छ। श्रम तथा रोजगारका क्षेत्रमा विद्यमान समस्या, चुनौती, नेपालको संविधान, आवधिक योजना, दिगो विकास लक्ष्य, प्रदेश आवधिक योजना तथा प्रदेश सरकारका प्रतिबद्धता, नीतिलगायतले परिलक्षित गरेका उद्देश्यहरू हासिल गर्नका लागि श्रम तथा रोजगारसम्बन्धी अलगै नीतिको अपरिहार्यता देखिन्छ।

## ५. नीतिको सोच, लक्ष्य र उद्देश्य

### सोच

श्रम बजारको सुदृढीकरण, उत्पादनमूलक रोजगारीको वृद्धिः बागमती प्रदेशको समृद्धि।

### लक्ष्य

प्रतिस्पर्धी जनशक्ति विकास तथा उत्पादनमूलक क्रियाकलापका लागि अनुकूल वातावरणको सिर्जना गरी सबैलाई गुणस्तरीय रोजगारी एवम् स्वरोजगारीका अवसर प्राप्त हुने।

### उद्देश्य

१. गुणस्तरीय र उत्पादनशील रोजगारीका अवसरमा वृद्धि गर्ने।
२. दक्ष तथा सीपयुक्त जनशक्ति उत्पादन गर्ने।
३. श्रमिकको अधिकारको रक्षा तथा श्रम प्रशासनको सुदृढीकरण गर्ने।
४. श्रम बजारको विकास एवम् रोजगारमूलक क्षेत्रमा लगानी प्रोत्साहित गर्ने।
५. वैदेशिक रोजगारलाई सुव्यवस्थित गर्न सहकार्य अभिवृद्धि गर्ने।

## ६. रणनीति र कार्यनीति

उल्लिखित उद्देश्य हासिल गर्नका लागि देहायबमोजिमको रणनीति तथा कार्यनीति कार्यान्वयनमा ल्याइनेछ।

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्यः १ गुणस्तरीय र उत्पादनशील रोजगारका अवसरमा वृद्धि गर्ने ।** | |
| १.१ काम गर्न सक्ने उमेर समूहका व्यक्तिलाई लक्षित गरी रोजगारीमूलक कार्यक्रम सञ्चालन गर्ने । | प्रदेशको आवश्यकता र सम्भावनाको आधारमा रोजगारी प्रदान गर्न सकिने कार्यक्रम पहिचान गरिनेछ ।<br>• काम गर्न इच्छुक तर काम नपाएका व्यक्तिलाई लक्षित गरी कम्तीमा वार्षिक ५० हजार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूति गर्न मुख्यमन्त्री रोजगार कार्यक्रम सञ्चालन गरिनेछ ।<br>• प्रत्येक स्थानीय तहबाट कम्तीमा १÷१ वटा श्रममूलक रोजगार लक्षित कार्यक्रम सञ्चालनका लागि स्थानीय तहहरूसँग सहकार्य गरिनेछ ।<br>• स्थानीयस्तरका विकास निर्माणका काममा श्रममूलक प्रविधिको प्रयोगलाई प्राथमिकता दिइनेछ ।<br>• आन्तरिक रोजगारीका अवसरमा स्वदेशी जनशक्तिको सीप तथा दक्षता उपयोग गर्ने कार्यलाई प्राथमिकता दिने नीति लिइनेछ ।<br>• प्रदेशका क्षेत्रगत नीति तर्जुमा गर्दा श्रम तथा रोजगार नीतिसँग तादात्म्य र परिपूरकता कायम गरी उत्पादनशील एवं प्रतिफलयुक्त रोजगारका अवसर बढाइनेछ । |

| | |
|---|---|
| १.२ स्थानीय स्रोत साधन र परम्परागत प्रविधिलाई स्तरोन्नति गरी उत्पादकत्वमा वृद्धि गर्ने । | • प्रदेशमा रोजगारी सिर्जनामा योगदान गर्न सक्ने स्रोत साधनको पहिचान गरी परिचालन गरिनेछ ।<br>• रोजगारी सिर्जनाका लागि जल, जमिन, जंगल, जडीबुटी, खानी जस्ता प्राकृतिक स्रोतको योजनाबद्ध ढंगबाट उपयोग गरिनेछ ।<br>• स्थानीय स्रोतमा आधारित उद्यम विकास गरी रोजगारीका नयाँ क्षेत्रहरूको विकास र विस्तार गरिनेछ ।<br>• स्थानीयस्तरका परम्परागत प्रविधिहरूको स्तरोन्नतिको योजना बनाई कार्यान्वयन गरिनेछ ।<br>• परम्परागत प्रविधिमा आधारित उद्यम गर्ने जनशक्तिलाई आधुनिक तालिम तथा उपकरण प्रदान गरी परिस्कृत प्रविधिको अवलम्बनद्वारा उत्पादकत्व वृद्धि गरिनेछ । यसमा स्थानीय तहहरूसँग समन्वय र सहकार्य गरिनेछ ।<br>• नेपाली कला र सीपमा आधारित पेसामा रोजगारी विस्तारका लागि थाङ्का, पौवा, ढाका, पस्मिना, कार्पेट, हस्तकला, काष्ठकला जस्ता विषयमामौलिकता संरक्षण हुने गरी तालिम र आधुनिकीकरणमा सहयोग गरिनेछ । |
| १.३ अनौपचारिक क्षेत्रका श्रमिकलाई औपचारिकीकरण गर्ने । | • अनौपचारिक क्षेत्रका श्रमिकलाई संगठित हुन सहज हुने कानुनी तथा संस्थागत व्यवस्था गरिनेछ ।<br>• अनौपचारिक क्षेत्रमा कार्यरत श्रम सम्बन्धमा अध्ययन गरी सीप विकास तालिम, दक्षता अभिवृद्धिका कार्यक्रम तथा अवसरको उपलब्धताको माध्यमबाट क्रमशः औपचारिक क्षेत्रमा ल्याइनेछ ।<br>• अनौपचारिक क्षेत्रमा कार्यरत श्रमिकलाई सामाजिक सुरक्षाका कार्यक्रममा सहभागी गराउन समन्वय र सहजीकरण गरिनेछ । |

| | |
|---|---|
| १.४ रोजगार तथा स्वरोजगारमूलक उद्यम तथा पेसा व्यवसायको प्रवर्द्धन गर्ने । | • निजी क्षेत्रलाई रोजगारी सृजना हुने किसिमका उत्पादन एवम् सेवामूलक व्यवसायमा लगानी गर्नका लागि अनुकूल हुने कानून तर्जुमा गरिनेछ ।<br>• सेवा क्षेत्रका लागि आवश्यक पर्ने सीपयुक्त तथा दक्ष जनशक्ति उत्पादनका लागि तालिम तथा प्रशिक्षणको व्यवस्था गरिनेछ । कम्तीमा ५ वटा बहुविषयगत सीप विकास तालिम केन्द्रको स्थापना गरिनेछ ।<br>• व्यवसाय/प्रतिष्ठानले प्रदान गर्ने रोजगारी संख्याको आधारमा सहुलियत तथा छुटको व्यवस्था गरिनेछ ।<br>• आधुनिक तथा व्यावसायिक कृषिमा युवाहरूलाई आकर्षित हुने गरी सुविधा तथा दक्षता विकासका अवसरहरू प्रदान गरिनेछ ।<br>• सेवा व्यवसायमा सहकारीको लगानी वृद्धिका लागि प्रोत्साहन हुने नीति कार्यान्वयन गरिनेछ ।<br>• युवा वर्गमा उद्यमशीलताको विकास गरी स्वरोजगारका अवसरहरू सृजना गर्न युवालक्षित उद्यमशीलता तथा स्वरोजगार कार्यक्रम सञ्चालन गरिनेछ ।<br>• सीप विकास तथा व्यावसायिक तालिम हासिल गरेका युवालाई उद्यम तथा स्वरोजगारमूलक व्यवसायसम्बन्धी परामर्श, स्किम निर्माण, वित्तीय सहायता तथा बजार पहुँचमा सेवा तथा सहजीकरण हुने गरी उद्यम/व्यवसाय एवम् पेसासम्बन्धी परामर्श (Entrepreneurship and career guidance services) सेवा प्रदान गरिनेछ । |

| | |
|---|---|
| १.५ रोजगारीमूलक कार्यक्रमहरू पूर्वाधार निर्माणका परियोजनासँग आबद्ध गर्ने । | • श्रममूलक -Labour intensive_ रोजगारीका क्षेत्रहरूको पहिचान गरी ती क्षेत्रमा लगानीलाई प्रोत्साहित गरिनेछ ।<br>• स्थानीय पूर्वाधार निर्माण परियोजनामा सम्भव भएसम्मका काममा मेसिनको सट्टा श्रमिकको परिचालन गरिनेछ ।<br>• सरकारले सञ्चालन गर्ने न्यूनतम रोजगारी प्रत्याभूतिका कार्यक्रममा संलग्न हुने श्रमिकलाई थप रोजगारी उपलब्ध गराउन स्थानीयस्तरका अन्य पूर्वाधार विकासका परियोजनहरूमा समेत संलग्न गरिनेछ ।<br>• पूर्वाधार विकाससम्बन्धी परियोजनामा सम्भव भएसम्म स्वदेशी श्रमिकको दक्षता तथा श्रम उपयोग गर्ने नीति लिइनेछ । |

| **उद्देश्यः २ दक्ष तथा सीपयुक्त जनशक्ति उत्पादन गर्ने।** | |
|---|---|
| २.१ श्रम बजारको आवश्यकता बमोजिमको दक्षतायुक्त जनशक्ति उत्पादन गर्ने। | • स्थानीय तहसँग समन्वय र सहकार्यसमेत गरी रोजगारसम्बन्धी वर्गीकृत तथ्याङ्कको विद्युतीय रूपमा अभिलेख अद्यावधिक गरिनेछ।<br>• जनशक्ति विकास सम्बन्धमा मध्यकालीन र दीर्घकालीन योजना बनाई कार्यान्वयन गरिनेछ।<br>• आउँदो २० वर्षका लागि प्रदेशलाई आवश्यक पर्ने जन-शक्तिको प्रक्षेपण गरी त्यस्तो जनशक्ति उत्पादनका लागि शैक्षिक तथा तालिम संस्थाहरूसँग सहकार्य गरिनेछ।<br>• प्रदेशमा हाल कार्यरत रहेका र भविष्यमा आवश्यक पर्ने वैदेशिक जनशक्ति पहिचान तथा प्रक्षेपण गरी त्यसलाई स्वदेशी कामदारद्वारा प्रतिस्थापन गर्ने गरी जनशक्ति उत्पादन गरिनेछ।<br>• अन्तरप्रदेश समन्वय गरी अन्य प्रदेशलाई आवश्यक पर्ने उच्च दक्ष जनशक्ति उत्पादन र आपूर्ति गरिनेछ।<br>• व्यावसायिक तथा सीपमूलक तालिम कार्यक्रमको पाठ्यक्रमलाई बजारको मागसँग आबद्ध गरिनेछ।<br>• औद्योगिक क्षेत्रहरूसँगै प्राविधिक शिक्षालय/औद्योगिक पाठशालाहरूको विकास गरी उद्योगका लागि आवश्यक आधारभूत र मध्यमस्तरको जनशक्तिको उत्पादन गरिनेछ।<br>• उद्योगहरूले नै प्रशिक्षार्थी कामदारका रूपमा निश्चित अवधि काममा लगाई आवश्यक जनशक्ति विकास गर्न प्रोत्साहित गरिनेछ।<br>• सीपमूलक तालिम कार्यक्रममा प्रशिक्षार्थीलाई सूचना प्रविधिसम्बन्धी आधारभूत जानकारी प्रवाह गरी बजारसँग आबद्ध गर्न सहयोग पुर्याइनेछ।<br>• प्रदेशमा बसोबास गर्ने आर्थिक रूपले सक्रिय व्यक्तिलाई सीप विकास तालिम प्रदान गर्ने व्यवस्था मिलाइनेछ। |

| | |
|---|---|
| २.२ प्राविधिक जनशक्तिको विकास गर्ने । | • उत्पादित शैक्षिक जनशक्ति बजारको मागअनुसारको सीप तथा दक्षता बीचको अन्तर (Gap) पहिचान गरिनेछ ।<br>• प्रदेशमा नयाँ विश्वविद्यालय स्थापना गर्दा प्राविधिक विश्वविद्यालय स्थापना गर्ने नीति अवलम्बन गरिनेछ ।<br>• प्रदेशबाट सञ्चालन हुने प्राविधिक, व्यावसायिक तथा सीपमूलक तालिम कार्यक्रमलाई एकीकृत ढाँचामा समन्वय गरिनेछ ।<br>• व्यावसायिक तथा प्राविधिक शिक्षा र तालिमका साथसाथै सोको उपयोग सम्बन्धमा समेत प्रशिक्षित गर्ने व्यवस्था मिलाइनेछ ।<br>• तालिममा प्रशिक्षार्थीलाई आफूले प्राप्त गरेको ज्ञान र सीपलाई उपयोग गर्ने स्किमसहितको पाठ्यक्रम विकास गरिनेछ ।<br>• सम्भावनाका आधारमा जिल्लामा व्यावसायिक तालिम एकेडेमी स्थापना गरिनेछ ।<br>• प्रत्येक स्थानीय तहमा एक प्राविधिक विद्यालयको स्थापना गर्न सहयोग र सहजीकरण गरिनेछ ।<br>• विद्यालय बाहिर रहेका युवाहरूलाई उनीहरूको आवश्यकता र सम्भावनाका आधारमा लागत साझेदारीमा छोटो तथा लामो अवधिको सीप विकास तालिम प्रदान गरिनेछ ।<br>• अनौपचारिक रूपमा प्राप्त गरेको सीपलाई मूल्याङ्कन गरी औपचारिकता प्रदान (सीप प्रमाणीकरण) गर्ने कार्यलाई सहज बनाइनेछ ।<br>• राष्ट्रिय तथा अन्तर्राष्ट्रिय श्रम बजारमा प्रतिस्पर्धा गर्न सक्ने जनशक्ति उत्पादन गरी शैक्षिक तथा तालिम कार्यक्रमहरू परिमार्जन गरिनेछ ।<br>• शैक्षिक जनशक्ति उत्पादन गर्ने उच्च शिक्षा तथा प्राविधिक धारका शिक्षण संस्थाका कार्यक्रमलाई श्रम बजारको मागबमोजिम पाठ्यक्रम परिमार्जन गर्न समन्वय गरिनेछ ।<br>• स्थानीय तहहरूलाई बजारको मागअनुसारको प्राविधिक धारको पठनपाठन सञ्चालनका लागि अनुदान उपलब्ध गराइनेछ । |

| | |
|---|---|
| २.३ तालिम प्रदायक संस्थाहरूको स्थापना र सुदृढीकरण गर्ने। | • विद्यमान तालिम संस्थाहरूको भौतिक पूर्वाधार विस्तार तथा जनशक्तिको क्षमता अभिवृद्धि गरिनेछ ।<br>• आन्तरिक श्रम बजारलाई आवश्यक पर्ने जनशक्ति तयार गर्नका लागि तालिम प्रदायक संस्थाहरूलाई परिचालन गरिनेछ ।<br>• तालिम लिने व्यक्तिलाई सीप सिक्दा हुने फाइदा तथा अवसरको पर्याप्त जानकारी प्रदान गरिनेछ ।<br>• व्यावसायिक, प्राविधिक तथा सीप विकास तालिम प्राप्त गरेका व्यक्तिको तालिमपश्चातको व्यावसायिक विवरण अद्यावधिक गर्ने प्रणाली विकास गरिनेछ ।<br>• विपन्न समुदायका सदस्यले प्राप्त गर्ने तालिममा सरकारी अनुदान उपलब्ध गराइनेछ ।<br>• रोजगारी सिर्जनामा सहायक हुने सीप विकास तालिम र उत्पादित श्रमशक्तिको बजारीकरणमा सरकारको तर्फबाट समेत लागत साझेदारी गरिनेछ । बाह्य श्रम बजारका लागि प्रदान गरिने सीप विकास तालिम अन्तर्राष्ट्रिय मापदण्डबमोजिमको बनाइनेछ । |

| | |
|---|---|
| २.४ व्यावसायिक तालिम तथा सीप विकास सम्बन्धी कार्यक्रम सञ्चालनमा दोहोरोपन हटाउने। | • तीन तहका सरकारबीच सीप विकास तालिम प्रदान गर्ने सम्बन्धमा जिम्मेवारी बाँडफाँट तथा समन्वय गरिनेछ।<br>• जनशक्ति विकासका सम्बन्धमा नेपाल सरकार र स्थानीय सरकारसँग आवश्यक समन्वय तथा सहकार्य गरिनेछ।<br>• सीप विकास तालिम लिएका र लिनुपर्ने व्यक्ति तथा सीपको उपयोगसम्बन्धी विवरण अद्यावधिक गर्ने कार्य स्थानीय तहबाट सम्पादन गरिनेछ।<br>• छोटो अवधिको र सामान्य प्रविधिसँग सम्बन्धित सीप विकास तालिम स्थानीय तहबाट प्रदान गर्ने व्यवस्था मिलाइनेछ।<br>• प्रदेशबाट मध्यम तथा लामो अवधिको प्राविधिक र व्यावसायिक सीप उपलब्ध गराउने व्यवस्था मिलाइनेछ।<br>• तालिम प्रदायक संस्था, तालिम केन्द्रहरूको विवरण अद्यावधिक गरी तालिम प्राप्त व्यक्तिहरूको अभिलेख व्यवस्थित गरिनेछ।<br>• तालिम प्रदायक संस्थाहरूबाट तालिम प्राप्त व्यक्तिहरूको तालिमको उपयोग सम्बन्धमा अनुगमन गरिनेछ। |

| उद्देश्य: ३ श्रमिकको अधिकारको रक्षा तथा श्रम प्रशासनको सुदृढीकरण गर्ने । | |
|---|---|
| ३.१ श्रम सूचना प्रणाली सुदृढ गर्ने | • बजारमा श्रमिकको माग तथा आपूर्तिलाई सन्तुलित गर्न श्रम सूचना प्रणालीलाई व्यवस्थित गरिनेछ ।<br>• श्रम बजार सूचना प्रणालीको स्थापना गरिनेछ । यस्तो प्रणालीमा श्रमसम्बन्धी सूचनाहरू स्वचालित रूपमा अद्यावधिक हुने व्यवस्था गरिनेछ । श्रम बजार सूचना प्रणालीमा स्थानीय तहको रोजगार सूचना केन्द्रसमेतलाई आबद्ध गरिनेछ ।<br>• स्थानीय तहलाई रोजगार तथा बेरोजगार श्रमशक्तिको तथ्याङ्क संकलन र अद्यावधिक गर्न समन्वय तथा सहयोग प्रदान गरिनेछ ।<br>• स्थानीयस्तरमा रहेका स्वदेशी तथा विदेशी श्रमिकको लगत संकलन तथा सूचना व्यवस्थापन गर्न स्थानीय तहलाई सहयोग र प्रोत्साहन गरिनेछ ।<br>• श्रमसम्बन्धी तथ्याङ्क तथा विवरण (दक्षताका आधारमा वर्गीकरणसहित) लाई एकीकृत गरी नियमित रूपमा अद्यावधिक गरी वेबसाइटमा राखिनेछ ।<br>• प्रतिष्ठान वा रोजगारदाताले माग गर्ने जनशक्तिको विवरणको अभिलेख विद्युतीय वेबसाइट पोर्टलमा अद्याविधक गर्ने प्रणाली विकास गरिनेछ ।<br>• काम गर्न इच्छुक बेरोजगार श्रमिकहरूको योग्यता तथा अनुभव रोजगारदाताले हेर्न मिल्ने गतिशील प्रणाली निर्माण गरी नियमित अद्यावधिक गरिनेछ । |
| ३.२ नेपाली श्रम बजारलाई अन्तर्राष्ट्रिय श्रम बजारसँग आबद्ध गर्ने । | • अन्तर्राष्ट्रिय श्रम बजारसँगको आबद्धता विस्तार गरी बाह्य रोजगारका अवसरको जानकारी प्राप्त हुने व्यवस्था गरिनेछ ।<br>• अन्तर्राष्ट्रिय श्रम बजारबाट नेपालले उपयोग गरेका जनशक्तिको अवस्था विश्लेषण गरी त्यस्ता जनशक्ति प्रदेशमा नै उत्पादन गर्दै लगिनेछ । नेपाली व्यावसायिक तथा प्राविधिक सीप विकास तालिम अन्तर्राष्ट्रियस्तरमा मान्यतायुक्त (Accredited) बनाउन संघीय सरकारसँग सहकार्य गरिनेछ । |

| | |
|---|---|
| ३.३ श्रम सम्बन्ध सुदृढीकरण र श्रमिकको अधिकार संरक्षण गर्ने। | • प्रदेश श्रम सल्लाहकार परिषदको गठन गरी श्रम सम्बन्धी विषयमा त्रिपक्षीय (tripartite) परामर्श प्राप्त गर्ने व्यवस्था मिलाइने छ। श्रमिकको अधिकार रक्षाका लागि कानूनी तथा संरचनागत व्यवस्था मिलाइनेछ।श्रमिकको संगठित हुने ) ट्रेड यूनियन_ र सामूहिक सौदाबाजीको अभ्यासलाई व्यवस्थित गरिनेछ। अनुचित श्रम शोषण, गलत दबाब, प्रतिशोधमूलक, बिनाकारण ज्यालामा कटौती वा कामबाट हटाउने जस्ता श्रम व्यवहारलाई पूर्णतः निषेध गरिनेछ।<br>• मर्यादित श्रम अभ्यास र असल श्रम सम्बन्ध स्थापनाका लागि श्रम साझेदारहरूसँग सहकार्य गरिनेछ।<br>• सवै प्रतिष्ठान र श्रमिकलाई योगदानमा आधारित सामाजिक सुरक्षा योजना र स्वास्थ्य बीमा कार्यक्रममा आवद्ध गर्न प्रोत्साहित गरिनेछ।<br>• अनौपचारिक क्षेत्रका श्रमिकलाई सामाजिक सुरक्षामा आवद्ध गर्न स्थानीय तहलाई सहयोग प्रदान गरिनेछ।<br>• सार्वजनिक सेवामा रहेका तर कर्मचारी सञ्चयकोषमा आवद्ध नहुने राष्ट्रसेवक कर्मचारीहरूलाई स्थानीय तह समेतको सहकार्यमा सामाजिक सुरक्षाकोषमा आवद्ध गर्न प्रोत्साहित गरिनेछ।<br>• योगदानमा आधारित सामाजिक सुरक्षामा प्रतिष्ठानहरूको आबद्धता गराइनेछ।<br>• कार्यक्षेत्रमा हुने लैङ्गिक तथा अन्य विभिन्न विभेद र हिंसाको अन्त्यका लागि आवश्यक कानुनी व्यवस्था गरिनेछ।<br>• नीति निर्माण तहमा श्रमिकका प्रतिनिधिको संलग्नता सुनिश्चित गर्न आवश्यक कानुनी व्यवस्था गरिनेछ।<br>• महिला श्रमिक कार्यरत स्थानमा महिलामैत्री संरचना, स्तनपान कक्ष, शिशु स्याहार गृह आदिको व्यवस्था गरिनेछ।<br>• प्रतिष्ठानहरूमा न्यूनतम ज्यालाको सुनिश्चितता प्रदान गरिनेछ।<br>• सुमधुर औद्योगिक सम्बन्धको विकासका लागि प्रदेश सरकार, रोजगारदाता र कामदारहरूबीच त्रिपक्षीय वा द्विपक्षीय परामर्श र सहकार्यलाई प्रोत्साहित गरिनेछ।<br>• श्रमसम्बन्धी विवाद समाधानका लागि सामाजिक संवाद -Social dialogue_ लाई प्रोत्साहित र सहजीकरण गरिनेछ।<br>• प्रतिष्ठानस्तरका श्रम सम्बन्ध समितिहरूलाई सामाजिक संवाद, विवाद व्यवस्थापन, व्यवसायजन्य सुरक्षा र स्वास्थ्य, कार्यस्थलमा अनुशासन तथा उत्पादन र उत्पादकत्व वृद्धिमा क्रियाशील गराइनेछ।<br>• औद्योगिक विवाद समाधान र निरूपणमा श्रम प्रशासनको सहजीकरण तथा नियामक भूमिका प्रभावकारी बनाइनेछ।<br>• महिला श्रमिकको प्रजनन स्वास्थ्यलाई ध्यानमा राखी मापदण्ड बनाई लागू गरिनेछ। |

| | |
|---|---|
| ३.४ बालश्रम निवारण गर्ने । | • शोषणयुक्त बालश्रम उन्मूलन र निषेध गरिनेछ ।<br>• बालश्रम निवारणमा स्थानीय तह, ट्रेडयूनियन, रोजगारदाता र बालश्रमको क्षेत्रमा कार्यरत संघसंस्थाहरूसंग प्रभावकारी सहकार्य, समन्वय र सञ्जाल स्थापना गरीने छ ।<br>• बालश्रममा परेका बालबालिकाको खोजी, अनुगमन र उद्धार गरी पुनस्थापना गरिने छ ।<br>• बालश्रमको जोखिममा परेका बालबालिका तथा तिनका परिवारका लागि  सचेतना, शिक्षा, सीप विकास, जीविकोपार्जनका वैकल्पिक उपायसम्बन्धी लक्षित कार्यक्रमबाट सहयोग पुर्याइनेछ । |
| ३.५ व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य मापदण्डको अवलम्बन गरी कार्यस्थललाई सुरक्षित बनाउने । | • श्रम कानून तथा मापदण्डहरूका बारेमा प्रतिष्ठानहरू व्यवस्थापन तथा श्रमिकहरूलाई अभिमुखिकरण गरिने छ ।<br>• कार्यक्षेत्रमा श्रमिकको भौतिक तथा व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्यको सुनिश्चितताका लागि सुरक्षा मापनका मापदण्ड र सूचकाङ्क तयार गरी व्यवसायजन्य सुरक्षा प्रणाली लागू गरिनेछ ।<br>• श्रमिकलाई जोखिमपूर्ण काममा लगाउँदा स्वास्थ्य तथा जीवन सुरक्षा सुनिश्चित गर्नुपर्ने कानुनी व्यवस्था गरिनेछ ।<br>• प्रतिष्ठान तथा अन्य आर्थिक इकाईहरूमा ध्वनि, धुँवा, धुलो, रसायन जस्ता मानव स्वास्थ्यमा प्रतिकूल प्रभाव पार्ने तत्त्वहरूको मापदण्ड तयार गरी कार्यान्वयन गरिनेछ ।<br>• व्यक्तिगत सुरक्षा उपकरणको प्रयोगलाई कार्यक्षेत्रमा अनिवार्य गरिनेछ ।<br>• श्रमिकलाई आवश्यक पर्ने न्यूनतम सुविधा जस्तै शौचालय, सुरक्षित पानी, खाजा घर, आराम गृहलगायतका पूर्वाधारको गुणस्तर मापदण्ड बनाई कार्यान्वयन गरिनेछ ।<br>• प्रतिष्ठानहरूलाई व्यवसायजन्य सुरक्षा तथा स्वस्थ्य कार्यस्थलसम्बन्धी क्षमता विकास, सचेतना अभिवृद्धि गर्न अभिमुखीकरण गरिनेछ । |

| | |
|---|---|
| ३.६ श्रम प्रशासनमा सुधार गर्ने। | • प्रतिष्ठान तहसम्म सुपरिवेक्षण र सहजीकरण गर्न सक्षम हुने गरी श्रम प्रशासनको सुदृढीकरण गरिनेछ।<br>• इजाजत प्राप्त निरीक्षकहरूबाट कारखानाहरूमा व्यवसायजन्य सुरक्षासम्बन्धी परीक्षणको व्यवस्था मिलाइनेछ।<br>• आधुनिक प्रविधिको प्रयोगमार्फत श्रम तथा रोजगार सम्बन्धी सेवा लिने र दिनेबीच प्रत्यक्ष भेटघाट हुनुपर्ने अवस्थाको न्यूनीकरण गरिनेछ।<br>• कर्मचारीलाई आवश्यकताअनुसार तालिम, अवसर तथा प्रविधिसँग अभ्यस्त गराई श्रम प्रशासनलाई सेवाग्राहीमुखी एवं निजी क्षेत्रमैत्री बनाउँदै लगिनेछ।<br>• आधुनिक प्रविधिको प्रयोगको माध्यमबाट सेवा प्रवाहलाई सरल, सहज, छरितो र प्रभावकारी बनाउँदै लगिनेछ।<br>• व्यवसाय गर्न चाहने उद्यमीलाई सहयोग गर्नका लागि प्रत्येक स्थानीय तहमा उद्यम विकास शाखामार्फत सहयोग तथा परामर्श सेवा उपलब्ध गराउन स्थानीय तहसँग सहकार्य गरिनेछ।<br>• प्रतिष्ठान तथा कलकारखानाको निरीक्षण, नियमन, अनुसन्धान र अनुगमनसम्बन्धी मापदण्ड तयार गरी अनुगमन तथा निरीक्षण प्रभावकारी बनाइने छ।<br>• प्रतिष्ठानहरूको श्रम अडिट प्रतिवेदनको जाँच, अनुगमन तथा मूल्याङ्कन गरी श्रम कानूनहरूले निर्धारण गरेका मापदण्डहरू पालना हुने अवस्था निर्माण गरिने छ। |

| **उद्देश्यः ४ श्रम बजारको विकास एवम् रोजगारमूलक क्षेत्रमा लगानी प्रोत्साहित गर्ने।** | |
|---|---|
| ४.१ तुलनात्मक लाभ र प्रतिस्पर्धात्मक क्षमताका क्षेत्रमा लगानीकर्ता आकर्षित गर्ने। | • अनौपचारिक क्षेत्रको रोजगारीलाई औपचारिकीकरण गर्न निजी क्षेत्रलाई प्रोत्साहन र सहयोग गरिनेछ।<br>• रोजगारी सिर्जनामा योगदान गर्ने तुलनात्मक लाभ र प्रतिस्पर्धात्मक क्षमताका क्षेत्र पहिचान गरिनेछ।<br>• पहिचान भएका रोजगारमूलक प्रतिफलयुक्त क्षेत्रमा लगानी गर्न निजी क्षेत्र (स्वदेशी र विदेशी) लाई आकर्षित गरिनेछ।<br>• सूचना प्रविधिमा आधारित पेसा/रोजगारी विस्तारमा अनुकूल वातावरण निर्माण तथा सहजीकरण गरिनेछ।<br>• सहकारीलाई रोजगारमूलक क्षेत्रमा लगानी गर्न प्रेरित गरिनेछ।<br>• रोजगारमूलक क्षेत्रमा लगानी गर्नका लागि सार्वजनिक निजी साझेदारीको मापदण्ड बनाई लागू गरिनेछ।<br>• असल श्रम सम्बन्धको अभ्यासद्वारा रोजगार मैत्री लगानी आकर्षित गरिने छ। |

| | |
|---|---|
| ४.२ स्थानीय स्रोत साधनको उपयोग र रोजगारीमूलक क्षेत्रमा लगानी प्रोत्साहन गर्ने । | • धेरै रोजगारी सिर्जना गर्ने क्षेत्रमा लगानी गर्नका लागि प्रोत्साहनमूलक कानुनी व्यवस्थाहरू कार्यान्वयन गरिनेछ ।<br>• लगानी सम्मेलनहरूको आयोजना गरी उत्पादन तथा रोजगारी सिर्जनामा योगदान गर्ने खालका लगानीलाई प्रोत्साहन गरिनेछ ।<br>• उद्योग तथा प्रतिष्ठानहरूमा महामारीका कारण सिर्जना हुने वा हुन सक्ने समस्याहरू समाधानमा सहयोग गरिनेछ ।<br>• रोजगारी सिर्जना गरेको आधारमा लगानीकर्तालाई छुट तथा सुविधा पाउने गरी लगानीसम्बन्धी कानुनी व्यवस्था गरिनेछ ।<br>• स्थानीय प्राकृतिक स्रोत तथा सम्पदाको परिचालनबाट रोजगारी सिर्जना हुन सक्ने भए त्यस्तो सम्भावनाको पहिचान गरिनेछ ।<br>• स्थानीय कच्चा पदार्थ, जनशक्ति तथा बजारको उपलब्धता र उत्पादन लागतसमेतको आधारमा लघु, घरेलु तथा साना उद्योगको सम्भाव्यता पहिचान गरिनेछ ।<br>• लघु, घरेलु तथा साना उद्योगको दर्ता, नवीकरण तथा खारेजी सरल, सुलभ र उद्यमीमैत्री बनाइनेछ ।<br>• लघु, घरेलु तथा साना उद्योगमा लगानीका लागि पुँजी अभाव हुन नदिन प्रदेश लगानी कोष खडा गरिनेछ र बैंक तथा वित्तीय संस्थासँग सम्झौता गरी त्यसको परिचालनको व्यवस्था मिलाइनेछ ।<br>• लघु, घरेलु तथा साना उद्योगको विकासमा युवाको आकर्षण बढाउन स्थानीय तहसँग सहकार्य गरिनेछ । |

| | |
|---|---|
| ४.३ बैंक तथा वित्तीय संस्थाको लगानी रोजगारमूलक क्षेत्रमा परिचालन गर्ने। | • सबै स्थानीय तहमा बैंक तथा वित्तीय संस्थाका शाखाहरू सञ्चालन गर्न सहजीकरण गरिनेछ।<br>• रोजगारी सिर्जनामा योगदान गर्ने परियोजनामा ऋण प्रवाहलाई प्राथमिकता दिन बैंक तथा वित्तीय संस्थालाई सहयोग पुग्ने नीतिगत तथा कानूनी व्यवस्था कार्यान्वयनमा ल्याइनेछ।<br>• स्थानीय सम्भावनाको आधारमा प्राथमिकता प्राप्त क्षेत्रमा कर्जा प्रवाह गर्नका लागि बैङ्क तथा वित्तीय संस्थाहरूसँग समन्वय गरिनेछ।<br>• स्थानीय बचत तथा ऋण सहकारीको प्रवर्द्धनमा सहायक हुने नीति कार्यान्वयनमा ल्याइनेछ।<br>• व्यवसाय सुरु गर्न चाहने व्यक्तिलाई बैंक तथा वित्तीय संस्थाले व्यवसायिक परामर्श सेवा उपलब्ध गराउने व्यवस्था गरिनेछ।<br>• सहकारीहरूको प्रभावकारी अनुगमन र नियमन गरिनेछ। |
| ४.४ महिला, पिछडिएका वर्ग, समुदाय तथा क्षेत्रका व्यक्तिको रोजगारीका अवसर अभिवृद्धि गर्ने। | • महिला, अपाङ्गता भएका व्यक्ति र पिछडिएका वर्ग, समुदायलाई उद्यममा लाग्न प्रेरित गर्ने गरी नीतिगत तथा कानूनी व्यवस्था गरिनेछ।<br>• लक्षित वर्गलाई रोजगार तथा स्वरोजगारमूलक कार्यका लागि सहुलियतपूर्ण कर्जा प्रवाह गर्न बैंक तथा वित्तीय संस्थासँग समन्वय गरिनेछ।<br>• प्रदेश महिला उत्थान कार्यक्रम सञ्चालन गरी महिलालाई पेसा व्यवसायमा लाग्न प्रोत्साहन गरिनेछ।<br>• युवालाई नवप्रवर्तनका लागि नवप्रवर्तन कोषका साथै सरल र सुलभ कर्जा प्रवाहको व्यवस्था गरिनेछ।<br>• लक्षित वर्गलाई उद्यम तथा व्यवसाय सुरु गर्न सहयोग पुर्याउनका लागि प्रदेश लगानी कोषमा निश्चित रकम लक्षित वर्ग उत्थानमा लगानी हुने व्यवस्था गरी बैंक तथा वित्तीय संस्थाको सहयोगमा ऋण प्रवाह गरिनेछ।<br>• रोजगारीको अवसर उपलब्ध गराउँदा महिला, पिछडिएका वर्ग, अल्पसंख्यक, अतिविपन्नलाई प्राथमिकता दिने गरि कानुनी व्यवस्था गरिनेछ। |

| | |
|---|---|
| ४.५ अति विपन्न समुदायलाई आयमूलक तथा रोजगारमूलक काममा लाग्न सहयोग प्रदान गर्ने । | • अति विपन्न समुदायको पहिचान गरी स्थानीय प्राकृतिक स्रोतको प्रयोगमा अग्राधिकार प्रदान गर्दै आयआर्जनतर्फ लाग्न अनुकूल वातावरण सिर्जना गरिनेछ ।<br>• हैसियत बिग्रिएका वन, नदी उकास क्षेत्र, चरिचरन क्षेत्र, प्रयोगमा नआएका सार्वजनिकस्थल आदिमा कबुलियती वन, जडीबुटी खेती तथा अन्य रोजगारीमूलक कार्यक्रम सञ्चालन गर्नका लागि विपन्नलाई अवसर प्रदान गरिनेछ ।<br>• प्रदेशका ठूला परियोजनाहरूमा अति विपन्नलाई लक्षित गरी प्राथमिकताका साथ रोजगारी प्रदान गरिनेछ ।<br>• विपन्न समुदायका सदस्यले सञ्चालन गरेका आयआर्जनका कार्यमा निःशुल्क व्यवसाय बिमाको कार्यक्रम लागू गरिनेछ ।<br>• अति विपन्न समुदायका लागि छोटो तथा मध्यम समयका सीप विकास तालिम तथा प्राविधिक शिक्षामा निःशुल्क पहुँच उपलब्ध गराइनेछ । सरकारी निकायमा विपन्न समुदायका उत्पादन तथा उनीहरूले प्रदान गर्ने सेवा उपयोगलाई प्राथमिकता दिने नीति लिइनेछ । |

| उद्देश्यः ५ वैदेशिक रोजगारलाई सु-व्यवस्थित गर्ने । | |
|---|---|
| ५.१ प्रदेश अन्तर्गत सञ्चालित उद्योग व्यवसाय र रोजगारीको क्षेत्रमा कोभिड १९ महामारीका कारण सिर्जना भएका समस्याहरू समाधान गर्न पहल गरिनेछ । | • प्रदेशको वैदेशिक रोजगार प्रोफाइल (वैदेशिक रोजगारमा रहेका, फर्किएका व्यक्ति र उनीहरूले हासिल गरेका सीपसमेत) तयार गरी तथ्यमा आधारित नीति तथा कार्यक्रमहरू तर्जुमा गरिनेछ ।<br>• प्रदेश र स्थानीय तहको सहकार्यमा वैदेशिक रोजगार सूचना तथा परामर्श केन्द्रको स्थापना गरी वैदेशिक रोजगारीसम्बन्धी सूचनाहरू स्थानीयस्तरमा नै उपलब्ध हुने व्यस्था मिलाइनेछ ।<br>• वैदेशिक रोजगारीमा जान चाहने व्यक्तिलाई कामको प्रकृतिअनुसारको सीप विकास तालिम तथा भाषाको ज्ञान प्रदान गरिनेछ । कामको प्रकृतिअनुसारको विषयगत अनुशिक्षण प्रदान गर्ने गरी प्रशिक्षण केन्द्रको स्थापना गर्न निजी क्षेत्रलाई प्रोत्साहित गरिनेछ ।<br>• आगामी ५ वर्षमा यस प्रदेशबाट वैदेशिक रोजगारमा जान चाहने कम्तीमा ५० प्रतिशतलाई स्थानीय तहसमेतको सहकार्यमा सीपयुक्त तालिम प्रदान गरिनेछ ।<br>• स्थानीय तहसँगको सहकार्यमा विदेश जाने व्यक्ति र निजका परिवारका सदस्यलाई वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गरिनेछ ।<br>• वैदेशिक रोजगारका क्रममा समस्यामा परेका व्यक्ति तथा निजको परिवारका सदस्यलाई संरक्षण र उद्धारमा सम्बद्ध विभिन्न निकायसँग समन्वय एवं सहकार्य गरिनेछ ।<br>• स्थानीय तहहरूसँगको सहकार्यमा वैदेशिक रोजगारबाट फर्किएका व्यक्ति र तिनका परिवारको सामाजिक पुनःएकीकरण, पुन: स्थापना तथा मनोसामाजिक परामर्श सेवा सञ्चालन गरिनेछ ।<br>• अप्ठ्यारामा परेर फर्केका श्रमिक तथा निजको परिवारलाई सहयोग उपलब्ध गराउनका लागि प्रदेशमा वैदेशिक रोजगार राहत कोष स्थापना गरिनेछ ।<br>• अभिभावक वैदेशिक रोजगारमा गएका कारण समस्यामा परेका बालबच्चाको लालनपालन तथा शिक्षाका लागि वैदेशिक रोजगार वोर्डसंगको सहकार्यमा विशेष प्रबन्ध गरिनेछ ।<br>• वैदेशिक रोजगारमा विद्यमान ठगीको अन्त्य गर्नका लागि नेपाल सरकार, स्थानीय तह र नागरिक समाजसँगको समन्वयमा चेतनामूलक कार्यक्रमहरू सञ्चालन गरिनेछ ।<br>• वैदेशिक रोजगारका क्रममा हुने ठगी नियन्त्रणका लागि न्यायमा पहुँच अभिवृद्धि गरिनेछ । |

| | |
|---|---|
| ५.२ वैदेशिक रोजगार सम्बन्धी सहयोगी सेवाहरू प्रदेशस्तरबाट उपलब्ध गराउन आवश्यक कानुनी तथा संस्थागत व्यवस्था गर्ने। | • वैदेशिक रोजगारमा जान चाहने कामदारलाई स्थानीय तहमा नै आधारभूत सूचना प्रदान गर्नका लागि प्रत्येक स्थानीय तहमा वैदेशिक रोजगार सूचना तथा परामर्श केन्द्र सञ्चालन गर्न सहजीकरण र सहयोग गरिनेछ।<br>• श्रमिकले विदेशमा गएर गर्ने कामअनुसारको तालिम प्रदेशस्तरमा नै उपलब्ध गराउन वैदेशिक रोजगार लक्षित तालिम केन्द्र स्थापना गरिनेछ।<br>• प्रदेशका विभिन्न स्थानबाट श्रम स्वीकृति तथा पुनः श्रम स्वीकृति उपलब्ध गराउन नेपाल सरकारसँग समन्वय गरिनेछ।<br>• वैदेशिक रोजगार सूचना प्रणालीमा बागमती प्रदेशबाट वैदेशिक रोजगारमा गएका तथा फर्किआएका श्रमिकको एकीकृत विवरण नियमित अध्यावधिक हुने र त्यसको जानकारी स्वचालित प्रविधिबाट हुने व्यवस्था मिलाउन नेपाल सरकारसँग समन्वय गरिनेछ।<br>• वैदेशिक रोजगारसँग सम्बन्धित प्रदेशको जिम्मेवारी प्रभावकारी रुपमा सम्पादन गरिनेछ। |

| | |
|---|---|
| ५.३ वैदेशिक रोजगारबाट प्राप्त आम्दानी, सीप, अनुभव र प्रविधिलाई उत्पादनमूलक क्षेत्रमा उपयोग गर्ने । | • वैदेशिक रोजगारबाट प्रदेशमा भित्रिने विप्रेषण उत्पादनशील एवं रोजगारमूलक क्षेत्रमा परिचालन गर्ने नीति अवलम्बन गरिनेछ ।<br>• वैदेशिक रोजगारका क्रममा सिकेको सीपको सीप परीक्षणका लागि आवश्यक सहयोग र सहजीकरण गरिनेछ ।<br>• श्रमिकले वैदेशिक रोजगारका क्रममा प्राप्त गरेको अनुभव, सीप तथा प्रविधिको रेकर्ड राख्ने र त्यसको उपयोग गरिनेछ । यस्तो सीप स्थानीयस्तरमा समेत हस्तान्तरणका लागि प्रोत्साहित गरिनेछ ।<br>• वैदेशिक रोजगारमा कम्तीमा दुई वर्ष व्यतीत गरी फर्किएका श्रमिकहरूलाई वैदेशिक रोजगारसम्बन्धी सूचना प्रवाह, प्रशिक्षण तथा रिटर्नी स्वयंसेवकलगायतका कार्यमा प्राथमिकता दिने नीति अवलम्बन गरिनेछ ।<br>• विदेशमा सिकेको सीपलाई स्तरोन्नति वा रूपान्तरण गरी स्वदेशमा प्रयोग गर्ने अवसर प्रदान गरिनेछ ।<br>• वैदेशिक रोजगारमा सिकेका सीपमा आधारित व्यवसाय वा उद्यम सञ्चालन गर्न चाहने वा वैदेशिक रोजगारबाट फर्किएका श्रमिकले आफूले आर्जन गरेको आम्दानी रोजगारमूलक क्षेत्रमा लगानी गर्न चाहेमा व्यवसायको क्षमता तथा आवश्यकता हेरी (परियोजना स्किममा आधारित रही) ५० प्रतिशतसम्म ब्याज अनुदानसहितको सहुलियतपूर्ण कर्जा प्रदान गरिनेछ ।<br>• वैदेशिक रोजगारमा प्राप्त सीपमा आधारित उद्योग सञ्चालन गर्न चाहनेलाई स्किम निर्माण, बजार सर्वेक्षण तथा अन्य व्यवसायीसँग अनुभव प्राप्त गरी उद्यम स्थापनाको चरणसम्म पुर्याउन सहजीकरण गरिनेछ ।<br>• वैदेशिक रोजगारबाट फर्केका व्यक्तिले सञ्चालन गर्ने व्यवसायमा छुट तथा सहुलियत प्रदान गर्न कानुनी व्यवस्था गरिनेछ ।<br>• वैदेशिक रोजगारमा गएका व्यक्तिका परिवारले सञ्चालन गर्ने उद्यम व्यवसायलाई वैदेशिक रोजगारमा गएका श्रमिकले पाउनेसरहको सुविधा नै प्रदान गरिनेछ । |

| | |
|---|---|
| ५.४ बाध्यात्मक वैदेशिक रोजगारीको अन्त्य गर्ने । | • आगामी दश वर्षमा आन्तरिक रोजगारीको वृद्धि गरी वैदेशिक रोजगारीलाई बाध्यात्मक अवस्थाबाट छनोटको अवस्थामा पुर्याइनेछ ।<br>• पटक पटक वैदेशिक रोजगारीमा जानुपर्ने बाध्यताको अन्त्य गर्न आर्थिक तथा सामाजिक विप्रेषण (सीप, ज्ञान र पुँजी आदि) को आयआर्जन तथा रोजगारीमूलक क्षेत्रमा परिचालन गरिनेछ ।<br>• मानव संसाधन विकासको दीर्घकालीन योजना कार्यान्वयन गरी दक्ष तथा सीपयुक्त व्यक्ति मात्र वैदेशिक रोजगारीमा जाने अवस्थाको सृजना गरिनेछ ।<br>• विश्व श्रम बजारमा श्रमिकको माग तथा आपूर्तिको अवस्थासमेतको आधारमा आन्तरिक श्रम बजारको विकास गर्दै लगिनेछ । |

## ७. कानूनी तथा संरचनागत व्यवस्था

७.१ श्रम तथा रोजगार नीति कार्यान्वयनका लागि देहायबमोजिमको कानुनी व्यवस्था गरिनेछः–

(क) नीति कार्यान्वयनका लागि आवश्यक प्रदेश कानूनहरूको तर्जुमा गरी कार्यान्वयन गरिनेछ।

(ख) नीतिको कार्यान्वयन प्रभावकारी बनाउन पाँच वर्षका लागि स्रोतको प्रक्षेपण र समयबद्ध तालिकासहितको जिम्मेवारी निर्धारण गरी नीति कार्यान्वयन कार्ययोजना तर्जुमा गरिनेछ।

(ग) यस नीतिसँग सामाञ्जस्य हुने गरी अन्य क्षेत्रगत नीति तथा कानूनहरूको परिमार्जन गरिनेछ।

(घ) प्रदेश सरकारका नीति तथा कार्यक्रम, वार्षिक बजेट र आवधिक योजनाहरूमा यस नीतिका लक्ष्यहरू हासिल गर्न सहयोग पुग्ने गरी नीति तथा कार्यक्रम तर्जुमा गरिनेछ।

७.२ श्रम तथा रोजगार नीति बहुनिकाय संलग्न रहने अन्तरसम्बन्धित नीति भएकाले यसको कार्यान्वयनमा सहजता ल्याउन सम्बद्ध सबैको संलग्नता रहने गरी देहायबमोजिमको संस्थागत व्यवस्था गरिनेछः–

(क) श्रम, रोजगार तथा यातायात मन्त्रीको संयोजकत्वमा विभिन्न पक्षको सहभागिता रहने गरी उच्चस्तरीय नीति समन्वय तथा निर्देशन समिति गठन गरिनेछ। यससम्बन्धी व्यवस्था अनुसूची–१ बमोजिम हुनेछ। यस समितिको बैठक प्रत्येक ६ महिनामा एक पटक बस्नेछ।

(ख) श्रम, रोजगार तथा यातायात मन्त्रालयका सचिवको संयोजकत्वमा सरोकारवालाको सहभागिता रहने गरी नीति कार्यान्वयन तथा अनुगमन समिति गठन गरिनेछ। यससम्बन्धी व्यवस्था अनुसूची–२ बमोजिम हुनेछ। यस समितिको बैठक प्रत्येक ४ महिनामा एक पटक बस्नेछ।

(ग) श्रम, रोजगार तथा यातायात मन्त्रालयअन्तर्गत श्रम तथा रोजगार व्यवस्थापन महाशाखा स्थापना हुनेछ। महाशाखाअन्तर्गत रहने गरी आवश्यकताबमोजिम वैदेशिक रोजगारलगायतका शाखाहरू स्थापना गरिनेछ। यस महाशाखाले नीति कार्यान्वयनको नेतृत्व लिनुका अतिरिक्त श्रम तथा रोजगार व्यवस्थापनमा मन्त्रालयका तर्फबाट प्रशासनिक नेतृत्व लिनेछ।

(घ) श्रम, रोजगार तथा यातायात मन्त्रालयको श्रम तथा रोजगार महाशाखाअन्तर्गत कम्तीमा अधिकृतस्तर नवौं तहको अधिकृतलाई नीति कार्यान्वयन सम्पर्क व्यक्तिको जिम्मेवारी दिइनेछ।

(ङ) आन्तरिक रोजगारी सिर्जना गर्ने मन्त्रालयहरू र सम्बद्ध निकायको सहयोग तथा सुझाव प्राप्त गर्ने प्रणालीलाई संस्थागत गरिनेछ।

(च) नीति कार्यान्वयनमा सहजता ल्याउनका लागि सम्बद्ध संघसंस्थाको क्षमता अभिवृद्धि गर्दै लगिनेछ।

(छ) नीति कार्यान्वयन योजनाको कार्य प्रगतिलाई सम्बद्ध अधिकारीको कार्यसम्पादन

मूल्याङ्कनसँग आबद्ध गर्ने प्रणाली विकास गरिनेछ।

## ८. स्रोत साधनको व्यवस्था

नीति कार्यान्वयनका लागि आवश्यक पर्ने स्रोत साधनको व्यवस्था देहायबमोजिम गरिनेछः–

(क) प्रदेशको समष्टिगत आर्थिक नीतिको छाता नीतिका रूपमा श्रम तथा रोजगार नीति रहनुका साथै अन्य क्षेत्रगत नीतिहरूसमेत यस नीतिमा सामाञ्जस्य कायम हुने गरी परिपूरकका रूपमा रहनेछन्।

(ख) आन्तरिक रोजगारी सिर्जनामा योगदान गर्ने क्षेत्रगत नीति कार्यान्वयन गर्दा यस नीतिका आधारभूत विषयलाई आत्मसात गरिनेछ।

(ग) विभिन्न निकायले वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्दा यस नीतिले परिकल्पना गरेका लक्ष्य हासिल गर्न सहयोग पुग्ने गरी कार्यक्रम तथा बजेटको प्रबन्ध गर्ने व्यवस्था गरिनेछ।

(घ) नीति कार्यान्वयन गर्न आवश्यक स्रोत साधनको व्यवस्था प्रदेश सरकारले नेपाल सरकार, स्थानीय सरकार तथा सम्बद्ध पक्षसँगको सहकार्यमा मिलाउनेछ।

(ङ) नीति कार्यान्वयनका लागि सरकार, निजी क्षेत्र र सहकारीको लगानी परिचालनका लागि आवश्यक नीतिगत तथा कानुनी व्यवस्था गरिनेछ।

(च) नीतिले निर्धारण गरेका उद्देश्य पूरा गर्न सहयोगी हुने क्षेत्रमा विकास साझेदारहरूको लगानी परिचालन गर्ने नीति लिइनेछ।

(छ) नीति कार्यान्वयनका लागि आवश्यक पर्ने जनशक्ति, सांगठनिक व्यवस्था, बजेट तथा अन्य स्रोत साधनको आवश्यकता नीति जारी भएको पहिलो तीन महिनामा प्रक्षेपण गरी सोहीबमोजिमको स्रोत व्यवस्थापन गर्दै लगिनेछ।

## ९. अनुगमन तथा मूल्याङ्कन

नीति कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कन देहायबमोजिम गरिनेछः–

(क) कार्यान्वयन प्रभावकारिता, उपलब्धि र प्रभावसम्बन्धी दृष्टिकोणलाई नीतिको अनुगमन तथा मूल्याङ्कनको मुख्य आधारका रूपमा लिइनेछ।

(ख) अनुगमन कार्यलाई नतिजामूलक बनाउन नतिजा अनुगमन सूचकांकको प्रयोग गरिनेछ।

(ग) नीति कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन कार्यलाई व्यवस्थित गर्न प्रविधिमा आधारित सूचना व्यवस्थापन प्रणाली विकास गरिनेछ।

(घ) प्रदेश नीति तथा योजना आयोगले नीति कार्यान्वयनको समष्टिगत स्थितिको वार्षिक र मध्यावधि अनुगमन तथा मूल्याङ्कन गरी सुधारका लागि पृष्ठपोषण उपलब्ध गराउनेछ।

(ङ) श्रम, रोजगार तथा यातायात मन्त्रालयले नीति कार्यान्वयनको समीक्षा वार्षिक रूपमा गर्नेछ।

यसको समीक्षामा आन्तरिक रोजगार सिर्जना गर्ने सबै निकाय र वैदेशिक रोजगार व्यवस्थापन गर्ने निकायलाई सहभागी गराइनेछ।

(च) प्रत्येक तीन वर्षमा तेस्रो पक्षबाट नीतिको मूल्याङ्कन गरी मूल्याङ्कनको पृष्ठपोषणका आधारमा सुधार गर्दै जाने व्यवस्था मिलाइनेछ।

(छ) नीतिको मूल्याङ्कनमा सबै पक्षको सहभागिता सुनिश्चित गरिनेछ।

## १०. जोखिम तथा जोखिम न्यूनीकरण

### (क) बाह्य जोखिम

अन्तर्राष्ट्रियस्तरमा आउन सक्ने आर्थिक संकुचन, राजनीतिक अस्थिरता तथा द्वन्द्वले नेपाली अर्थतन्त्रले परिकल्पना गरेको उच्च तथा दिगो आर्थिक वृद्धिमा नकारात्मक प्रभाव पार्न सक्ने जोखिम रहन्छ। विश्व विकास साझेदारहरू, दुई छिमेकी मुलुकको आर्थिक अवस्था र तिनले लिने नेपालसम्बन्धी विकास नीति, अन्तर्राष्ट्रिय संस्थाहरू विश्व बैंक, अन्तर्राष्ट्रिय मुद्रा कोषलगायतका बहुपक्षीय विकास साझेदारको वित्तीय क्षमता तथा तिनको लगानी नीतिले नेपालको अर्थतन्त्रको विस्तारमा असर पार्न सक्ने देखिन्छ। विश्वव्यापी रूपमा आउन सक्ने महामारी र विचलनले सिर्जना गर्ने आर्थिक विशृंखलताको प्रभाव नेपालमा पनि पर्न सक्छ।विश्व बजारमा उत्पादनको न्यूनताले आउने मुद्रास्फीति, मुद्राको विनिमय दरमा देखिने उतारचढाव तथा नेपालको उच्च आयातले विदेशी मुद्राको सञ्चितिमा आउन सक्ने विचलनको नकारात्मक असर देखिन सक्छ। नेपाली श्रमिकको मुख्य गन्तव्यका रूपमा रहेका मुलुकको आर्थिक अवस्थामा उतारचढाव र ती मुलुकहरूको आप्रवासन नीति परिवर्तन भई नेपाली श्रमिकको माग घटी विप्रेषणमा कमी आउँदा देशमा पुँजीको प्रवाह तथा रोजगारीको स्तरमा न्यूनता आउन सक्छ। विश्व आर्थिक संकुचनले नेपालको आर्थिक अवस्थामा संकुचन आई उत्पादनमूलक क्रियाकलापमा ह्रास आउँदा बेरोजगारी समस्या बढ्न सक्छ। नेपालमा दोहोरिइरहने राजनीतिक अस्थिरता र नीतिगत निरन्तरताको अभावले उत्पादनमूलक क्षेत्रमा प्रत्यक्ष वैदेशिक लगानी अपेक्षित मात्रामा नआउँदा रोजगारीमा अपेक्षित वृद्धि नहुन सक्छ। आन्तरिक अस्थिरता तथा अन्योलले निजी क्षेत्रको लगानी नकारात्मक ढंगबाट प्रभावित हुने जोखिम रहन्छ। भर्खर मात्र संघीयताको अभ्यास भएकाले अधिकार तथा जिम्मेवारीको प्रयोगमा परिपक्कता आइनसक्दा आर्थिक तथा रोजगारीका क्रियाकलापहरूमा कम ध्यान पुग्न सक्ने जोखिम रहेको छ। नेपाल सरकार र स्थानीय सरकारले सकारात्मक ढंगबाट समन्वय नगरेमा प्रदेश सरकारले मात्र रोजगारी सिर्जनाका त्रियाकलाप अघि बढाउन कठिन हुन्छ। अन्य प्रदेशबाट यस प्रदेशमा आउन सक्ने अतिरिक्त श्रमशक्तिको व्यवस्थापन, विदेशी श्रमिकको प्रवेश आदिले रोजगारी सिर्जनामा थप जोखिम आउन सक्ने देखिन्छ। नेपाल

सरकारले लिने नीतिसँग तादात्म्यता कायम हुन नसकेमा आपसी असमझदारी सिर्जना भई कार्य प्रभावित हुने जोखिम रहन्छ ।

**(ख) आन्तरिक जोखिम**

रोजगारी सिर्जना बहुनिकायको सहकार्यबाट मात्र सम्भव हुन्छ । प्रदेशमा रहेका विभिन्न मन्त्रालय तथा निकायहरूबीचको समन्वय प्रभावकारी नहुँदा अपेक्षित रूपमा रोजगारी सिर्जना नहुन सक्छ । प्रदेश सरकारको वित्तीय नीतिका सीमितता र मौद्रिक नीतिमा खासै भूमिका नहुने हुँदा निजी क्षेत्रलाई उत्पादन तथा रोजगारमूलक क्षेत्रमा लगानीका लागि विश्वासमा लिन सक्ने क्षमता कम मात्र रहन्छ ।प्रदेशले स्थानीय तहसँग गर्न सक्ने समन्वय, स्रोतको संयोजन र विश्वासले प्रदेश सरकारको आर्थिक हैसियत प्रभावित हुने र स्थानीय तहहरूबाट अपेक्षित सहयोग नपाएमा प्रदेशले रोजगारीसम्बन्धी कानून कार्यान्वयनमा जटिलता थपिनेछ ।प्रदेशसँग रहने सीमित स्रोत साधनले गर्दा निजी क्षेत्रलाई विश्वासमा लिई गतिशील बनाउन निकै कठिन हुनेछ । प्रदेश कानूनको कार्यान्वयन प्रदेशमा उपलब्ध प्राकृतिक स्रोत तथा साधन, बजारको उपलब्धता, भौतिक, मानवीय पक्षको प्रभावकारी परिचालन तथा कार्यसंस्कृतिमा सुधार नभएमा रोजगारी सिर्जनामा जटिलता आउनेछ । प्रदेशका राजनीतिक दलबीच आर्थिक विषयमा मतैक्यता, स्थानीय तहसँग गहिरो विश्वास तथा सहकार्य, नेपाल सरकारसँगको समन्वय तथा नीति कार्यान्वयनका लागि गर्नुपर्ने तयारी कमजोर हुँदा नीतिले अपेक्षा गरेका उद्देश्य हासिल नहुने जोखिम रहन्छ ।

**(ग) जोखिम न्यूनीकरण**

आन्तरिक उत्पादन क्षमता वृद्धि गरी आयातलाई कम गर्दै लैजाने, निर्यातयोग्य वस्तुको उत्पादन वृद्धि गरी अन्तर्राष्ट्रिय बजारमा पुर्याउने, अनुकूल नीति र कानून निर्माण गरी निजी लगानीकर्तालाई विश्वासमा लिई रोजगारमूलक क्षेत्रमा प्रत्यक्ष वैदेशिक लगानी आकर्षिक गर्न अनुकूल वातावरण बनाउने, युवाहरूलाई छोटो, मध्यम तथा लामो अवधिको प्राविधिक र व्यावसायिक सीपको अवसर उपलब्ध गराई स्वरोजगार बन्न सक्ने अवस्था सिर्जना गर्ने, स्थानीय स्रोत र साधनको अधिकतम परिचालन गरी रोजगारीका अवसर वृद्धि गर्ने, आन्तरिक स्रोत परिचालनका नयाँ क्षेत्रहरू पहिचान गर्ने तथा वृद्धि भएको स्रोतको उत्पादन तथा रोजगारमूलक क्षेत्रमा परिचालन गर्ने, नीति निर्माण, कार्यान्वयन तथा अनुगमनलगायतका कार्यमा स्थानीय तह, निजी क्षेत्र तथा सरोकारवालाको सहभागिता सुनिश्चित गर्ने, स्थानीय तहको संस्थागत क्षमता विकास, कार्यान्वयन क्षमता सुधारमा सहयोग गर्ने, नेपाल सरकारका रोजगार नीति तथा सम्बद्ध कानूनसँग समाञ्जस्यता रहने गरी नीति, कानून तथा कार्यक्रमहरू कार्यान्वयन गर्न सकेमा सम्भावित जोखिम न्यूनीकरणमा मद्दत पुग्नेछ । श्रम बजारको सुदृढीकरण, श्रम प्रशासनमा सुधार, संस्थागत क्षमता विकास आदिका माध्यमबाट जोखिमको

सामना गर्न सक्ने क्षमता वृद्धि हुनेछ । विप्रेषणबाट प्राप्त आम्दानीको उत्पादनमूलक क्षेत्रमा प्रयोग बढाउने, सीप र दक्षता वृद्धि गरेर मात्र श्रमिकलाई वैदेशिक रोजगारमा पठाउने, विभिन्न वित्तीय सहायता, छुट तथा सहयोगका माध्यमबाट युवालाई उद्यम व्यवसाय गर्न प्रेरित गर्न सकेमा जोखिम कम गर्न सकिनेछ । श्रमप्रतिको सम्मान बढ्ने क्रियाकलाप सञ्चालन गर्ने, लक्षित समुदायलाई प्राथमिकताका साथ तालिम तथा कर्जा प्रदान गर्ने, प्रत्येक स्थानीय तहमा उद्यम सञ्चालन तथा लगानीसम्बन्धी परामर्श सेवा सञ्चालन गर्नेलगायतका प्रयत्नबाट नीति कार्यान्वयनमा आउन सक्ने जोखिमलाई कम गर्न सकिन्छ ।

## ११. तहगत सरकारको जिम्मेवारी

नीति कार्यान्वयनका लागि प्रदेश सरकार, नेपाल सरकार र स्थानीय सरकारको जिम्मेवारी देहायबमोजिम हुनेछः-

### (क) प्रदेश सरकारको जिम्मेवारी

संवैधानिक व्यवस्था, नेपाल सरकारको श्रम र रोजगार नीति, कानून तथा योजनासमेतलाई ध्यानमा राखी श्रम तथा रोजगारको प्रदेश नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा गर्ने, श्रमिक एवम् श्रमिकको सामाजिक सुरक्षा तथा ट्रेड युनियनसम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड र नियमन, श्रमशक्ति, श्रम बजारसम्बन्धी अध्ययन, अनुसन्धान र श्रमशक्ति योजना, औद्योगिक विवाद समाधान, श्रम सम्बन्धमा सुधार र न्यायिक निरूपण, कार्यस्थल सुरक्षा, कारखाना निरीक्षण तथा नियमन अनुसन्धान र श्रमशक्ति योजना, प्राविधिक तथा व्यावसायिक तालिम, अन्तरतह समन्वय तथा स्थानीय सरकार, गैरसरकारी संघ संस्था, नागरिक समाजलगायतसँग सहकार्य गर्दै उल्लिखित कार्यसम्पादन गरी यस क्षेत्रमा सुशासन कायम गर्ने ।

### (ख) नेपाल सरकारको जिम्मेवारी

श्रम तथा रोजगारसम्बन्धी नीति, कानून र संरचना निर्माण गरी परिचालन गर्ने, वैदेशिक रोजगारसम्बन्धी नीति, कानून, मापदण्ड, व्यवस्थापन र नियमन, श्रमिक कामदारको सामाजिक सुरक्षा र सामाजिक सुरक्षा कोष, औद्योगिक विवाद समाधान, रोजगारसम्बन्धी तथ्याङ्क, अध्ययन र अनुसन्धान, श्रम तथा व्यवसायजन्य स्वास्थ्य सुरक्षा निरीक्षण र श्रम सम्बन्धसम्बन्धी आयोग, रोजगार उन्मुख सीपमूलक एवं व्यावसायिक तालिम नीति, ट्रेड युनियनसम्बन्धी एकीकृत कानून र नियमन, बालश्रम निवारणसम्बन्धी नीति र कानून, व्यवसायजन्य स्वास्थ्य सुरक्षासम्बन्धी नीति, कानून र मापदण्ड, विदेशीहरूका लागि श्रम स्वीकृति, श्रमसहचारी, बेरोजगारसम्बन्धी एकीकृत तथ्याङ्क व्यवस्थापन र अध्ययन अनुसन्धान, अन्तर्राष्ट्रिय सम्बन्ध आदि नेपाल सरकारको कार्य जिम्मेवारीमा पर्दछ ।

**(ग) स्थानीय सरकारको जिम्मेवारी**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले श्रम तथा रोजगारका क्षेत्रमा स्थानीय तहलाई रोजगार तथा बेरोजगार श्रमशक्तिको तथ्याङ्क सङ्कलन, प्रशोधन र सूचना प्रणालीको स्थापना, स्थानीयस्तरमा रहेका स्वदेशी तथा विदेशी श्रमिकको लगत सङ्कलन तथा सूचना व्यवस्थापन, विभिन्न क्षेत्र तथा विषयका दक्ष जनशक्तिको तथ्याङ्क सङ्कलन तथा व्यवस्थापन, सुरक्षित वैदेशिक रोजगारी र वैदेशिक रोजगारीमा रहेको श्रमशक्तिको सूचना तथा तथ्याङ्कको सङ्कलन तथा व्यवस्थापन, रोजगार सूचना केन्द्रको व्यवस्थापन तथा सञ्चालन, वैदेशिक रोजगारीमा जाने श्रमशक्तिका लागि वित्तीय साक्षरता र सीपमूलक तालिमको सञ्चालन, वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरूको सामाजिक पुनःएकीकरण, वैदेशिक रोजगारीबाट प्राप्त ज्ञान, सीप र उद्यमशीलताको उपयोग र बेरोजगारको तथ्याङ्क सङ्कलनसम्बन्धी अन्य कार्य, आफ्नो स्थानीय तह क्षेत्रभित्रको निर्माण कार्य तथा अन्य सेवाको प्रयोजनका लागि राष्ट्रिय न्यूनतम पारिश्रमिकभन्दा कम नहुने गरी श्रमिकको ज्याला दर निर्धारण, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको योजना तर्जुमा, सञ्चालन, अनुमति, अनुगमन, मूल्याङ्कन र नियमन, स्थानीय उद्योग तथा व्यवसाय प्रवर्द्धन र रोजगारी सिर्जनामा योगदान दिने किसिमको कर नीतिजस्ता विषयहरू रहेका छन्।

## १२. नीति परिमार्जन तथा सुधार

(क) श्रम, रोजगार तथा यातायात मन्त्रालयले स्वतन्त्र विज्ञहरू नियुक्त गरी नीतिको ३ वर्षमा मध्यावधि मूल्याङ्कन र ५ वर्षमा आवधिक मूल्याङ्कन गराउनेछ।

(ख) मूल्याङ्कनबाट प्राप्त पृष्ठपोषणका आधारमा श्रम, रोजगार तथा यातायात मन्त्रालयले (प्रदेश नीति तथा योजना आयोग, सम्बन्धित मन्त्रालय तथा सरोकारवालासँग छलफल गरी) नीति परिमार्जन गर्ने/गराउनेछ।

## अनुसूची १
## नीति समन्वय तथा निर्देशन समिति
## (दफा 7.2 (क) सँग सम्बन्धित)

| | | |
|---|---|---|
| 1. | मन्त्री, श्रम, रोजगार तथा यातायात मन्त्रालय | अध्यक्ष |
| 2. | सदस्य, प्रदेश नीति तथा योजना आयोग (श्रम हेर्ने) | सदस्य |
| 3. | सचिव, श्रम, रोजगार तथा यातायात मन्त्रालय | सदस्य |
| 4. | सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सदस्य |
| 5. | सचिव, आन्तरिक मामिला तथा कानून मन्त्रालय | सदस्य |
| 6. | सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय | सदस्य |
| 7. | सचिव, सामाजिक विकास मन्त्रालय | सदस्य |
| 8. | प्रतिनिधि, संघीय सरकार श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | सदस्य |
| 9. | प्रदेश अन्तर्गतका स्थानीय तहका प्रमुखमध्येबाट मन्त्रालयले मनोनयन गरेका २ जना प्रतिनिधि | सदस्य |
| 10. | नेपाल उद्योग वाणिज्य महासंघको प्रदेशस्तरीय समितिले तोकेको १ जना महिलासहित २ जना प्रतिनिधि | सदस्य |
| 11. | प्रदेशस्तरीय उद्योग वाणिज्य महासंघको रोजगार परिषद् वा रोजगार हेर्ने समितिको संयोजक वा प्रतिनिधि | सदस्य |
| 12. | घरेलु तथा साना उद्योग महासंघ प्रदेशस्तरीय समितिले तोकेको १ जना प्रतिनिधि | सदस्य |
| 13. | ट्रेड युनियनहरूका तर्फबाट संयुक्त ट्रेड युनियन समन्वय समिति (JTUCC) ले मनोनयन गरेका १ जना महिलासहित २ जना प्रतिनिधि | सदस्य |
| 14. | महाशाखा प्रमुख, श्रम, रोजगार तथा यातायात मन्त्रालय (सम्बन्धित महाशाखा हेर्ने) | सदस्य-सचिव |

## अनुसूची २
## नीति अनुगमन तथा कार्यान्वयन समिति
## (दफा ७.२ (ख) सँग सम्बन्धित)

1. सचिव, श्रम, रोजगार तथा यातायात मन्त्रालय — अध्यक्ष
2. कम्तीमा अधिकृतस्तर नवौं तहको प्रतिनिधि, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय — सदस्य
3. कम्तीमा अधिकृतस्तर नवौं तहको प्रतिनिधि, आन्तरिक मामिला तथा कानून मन्त्रालय — सदस्य
4. कम्तीमा अधिकृतस्तर नवौं तहको प्रतिनिधि, आर्थिक मामिला तथा योजना मन्त्रालय — सदस्य
5. कम्तीमा अधिकृतस्तर नवौं तहको प्रतिनिधि, सामाजिक विकास मन्त्रालय — सदस्य
6. प्रदेशस्तरीय ट्रेड युनियन संयुक्त ट्रेड युनियन समन्वय समिति (JTUCC) ले तोकेको १ जना प्रतिनिधि — सदस्य
7. प्रमुख, नेपाल सरकारका तर्फबाट प्रदेशमा श्रम तथा रोजगारसम्बन्धी सेवा प्रदान गर्ने कार्यालय — सदस्य
8. प्रदेश उद्योग वाणिज्य महासंघले तोकेको रोजगार हेर्ने समितिका संयोजक वा प्रतिनिधि — सदस्य
9. महाशाखा प्रमुख, श्रम, रोजगार तथा यातायात मन्त्रालय (सम्बन्धित महाशाखा हेर्ने) — सदस्य सचिव